क्रमसंख्या–७२

# अनाथपिण्डिक

आचार्य

**भिक्षु अमृतानन्द**

बु. सं. २५३४

वि. सं. २०४७

ने. रू. ८/-

Downloaded from http://dhamma.digital

# लेखकका पुस्तकहरू :

| | | | ने. रू. |
|---|---|---|---|
| १. | सं. बुद्धजीवनी (चतुर्थावृत्ति) | | ...रू. १०/— |
| २. | धम्मपद (तृतीयावृत्ति) | | ...रू. १०/— |
| ३. | गृही-विनय (तृतीयावृत्ति) | | ...रू. १०/— |
| ४. | अग्रश्रावक | | |
| ५. | कसको कुरा सत्य हो | | |
| ६. | बुद्धशासनको इतिहास | भाग-१ | ..रू. ४/— |
| ७. | पटाचारा स्थवीरा | | |
| ८. | अम्बसक्कर प्रेतकथा | | |
| ९. | सुतनु जातक | | |
| १०. | बोधिराजकुमार | | |
| ११. | बुद्धकालीन ब्राह्मण | भाग-१ | ...रू. ७/— |
| १२. | बुद्धकालीन ब्राह्मण | भाग-२ | ...रू. १५/ — |
| १३. | बुद्धकालीन ब्राह्मण | भाग-३ | ...रू. १७/— |
| १४. | बुद्धकालीन गृहस्थीहरू | भाग-१ | .. रू. ८/— |
| १५. | बुद्धकालीन गृहस्थीहरू | भाग-२ | .. रू. १५/— |
| १६. | बुद्धकालीन गृहस्थीहरू | भाग-३ | .. रू. १५/ — |
| १७. | बुद्धकालीन राजपरिवार | भाग-१ | .. रू. १०/— |
| १८. | बुद्धकालीन राजपरिवार | भाग-२ | .. रू. १६/— |
| १९. | बुद्धकालीन राजपरिवार | भाग-३ | .. रू. १८/— |
| २०. | बुद्धकालीन परिव्राजकहरू | भाग-१ | .. रू १६/— |
| २१. | बुद्धकालीन परिव्राजकहरू | भाग-२ | . रू. १५/ - |
| २२. | बुद्धकालीन परिव्राजकहरू | भाग-३ | . रू २३/— |
| २३. | बुद्धकालीन महिलाहरू | भाग-१ | .. रू. ८/ — |
| २४. | बुद्धकालीन महिलाहरू | भाग-२ | . रू. १४/— |
| २५. | बुद्धकालीन श्रावक-चरित | भाग-१ | . रू ६/— |
| २६. | बुद्धकालीन श्रावक-चरित | भाग-२ | .. रू. १७/ — |
| २७. | बुद्धकालीन श्रावक-चरित | भाग-३ | ...रू. २०/— |

Downloaded from http://dhamma.digital

क्रमसंख्या–७२



# अनाथपिण्डिक

आचार्य
भिक्षु अमृतानन्द

बु. सं. २५३४
वि. सं. २०४७

मो. रू. १८/-

Downloaded from http://dhamma.digital

प्रकाशक :

"आनन्द कुटी विहार गुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी विहार, स्वयम्भू,
काठमाडौं, नेपाल ।

फोन- २७१४२०

(सर्वाधिकार सुरक्षित)

बु. सं. २५३४
ने. सं. ११९०
वि. सं. २०४७
ई. सं. १९९०

प्रथम संस्करण- १०००

मुद्रक :
शोभा भगवती प्रिन्टिङ प्रेस
छेत्रपाटी, ढल्को, काठमाडौं
फोन- २१२५६१

Downloaded from http://dhamma.digital



**दिवंगत रत्नकाजी तुलाधर**

जन्म : विक्रम सम्वत १९६९ कार्तिक

दिवंगत : वित्रम सम्वत २०४६ फाल्गुन

Downloaded from http://dhamma.digital

## प्रकाशकीय

"अनाथपिण्डिक" आनन्दकुटी विहारगुठीको ७२ औं प्रकाशन हो । प्रस्तुत पुस्तक पूज्य आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरज्यूले आफ्नो शब्द संगूहको लागि अन्वेषणात्मक ढंगले सम्पादन गर्नु भएको हो । यसमा बुद्धकालीन परम बुद्ध भक्त, अनाथहरूलाई पिण्ड दान दिने भएकाले अनाथपिण्डिक नाउँ रहेका 'सुदत्त" बारे वर्णन गरीएको छ । उनको बुद्धधर्मप्रति गौरब, उदारतादि बारे स्पष्ट पारिएको छ । स्व० रत्नकाजी तुलाधरको पुण्यस्मृतिमा उहाँका पुत्र-पुत्रीहरूले आफ्ना पिताको निर्वाण कामना गरी सम्पूर्ण खर्च बेहोरी दिनाले यो पुस्तक प्रकाशमा आएको हो । अत: उहाँ-हरूको इच्छा कामना पूरा होस् भन्ने चाहन्छु । त्यस्तै यस गुठीका संस्थापक महास्थविरको शुभेच्छाहरू सिद्ध हुन् भन्ने कामना गर्दछु । साथै बुद्धधर्मलाई सबैले राम्रोसँग बुझ्न सकुन् ।

भवतु सब्ब मंगलं

**भिक्षु मैत्री**
**सदस्य-सचिव**
**आनन्दकुटी विहार गुठी**

Downloaded from http://dhamma.digital

# धर्मदान

गत चैत्र २९ गते भोजन आमन्त्रण गर्ने विचारले हामी पूज्य भिक्षु अमृतानन्द महास्थविरको आश्रम आनन्द-कुटी विहारमा पुग्यौं । कुरै कुराको सिलसिलामा यसपालि २५३४ औं बुद्ध जयन्तिको उपलक्ष्यमा एउटा अनाथपिण्डिक नामक पुस्तक निकाल्ने विचार प्रस्तुत गर्नुभयो । 'सब्बदानं धम्मदानं जिनाति' अर्थात धर्मदानले सबै दानलाई जित्छ भन्ने कुरा सुनिराखेका थियौं । त्यसकारण उहाँको यस विचारलाई हाम्रा अति पूज्य पिता दिवंगत रत्नकाजी तुलाधरको निर्वाण कामना हेतु प्रकाशन गर्ने सुअवसरको रूपमा हामीले सहर्ष स्वीकार्‍यौं ।

हाम्रा पूज्यपिता रत्नकाजी तुलाधर वि. सं. १९६९ कार्तिकमा असन टोल काठमाडौंमा जन्मनु भएको थियो । उहाँ स्वर्गीय श्री हेराकाजी तुलाधर र स्वर्गीय श्रीमति लानी पुतली तुलाधरका प्रथम पुत्र हुनुहुन्थ्यो । उहाँको बाल्या-वस्था मै अथवा ७ बर्षको उमेर मै पिता दिवंगत हुनु भएको कारणले उहाँ पिताको माया र ममताबाट टाढा हुन पुग्नु भयो । जसको फलस्वरुप पिताबाट पाउने माया र ममता पनि

Downloaded from http://dhamma.digital

आफ्नी २६ बर्षिया आमाबाट पाएर हुर्कनु भयो । क्रूर सामन्तवादी समाजका निम्न मध्यम वर्गीय परिवारमा हुर्कनु परेकोले आफ्नो जीवनमा उहाँले अनेकौं तीता दिनहरू बिताउनु परेको थियो । २५ बर्षको उमेरमा उहाँको विवाह भयो । दुर्भाग्यवस उक्त पत्नीसँग लामो जीवन बिताउन पाउनु भएन । पत्नीको दिवंगतपछि उहाँले दोश्रो विवाह आफ्नै सालीसँग (पत्नीकी बहिनी) गर्नुभयो । दुबै पत्नीबाट उहाँका जम्मा ४ छोरा र ७ छोरी छन् । यसमध्ये साहिली छोरी रत्नहेरा बाल्यावस्था मै दिवंगत भइन् र जेठा छोरा डबल काजी तुलाधर २०४५ मा दिवंगत भएका हुन् ।

उहाँ कुलधर्ममा ठूलो आस्था राख्नुहुन्थ्यो । उहाँ जगत संसार उद्धार कामना गर्दै अनेकौं बौद्ध स्तोत्र तथा गाथाहरूको नित्य स्मरण तथा वाचन गर्नुहुन्थ्यो । आफ्नो जीवनबाट प्राप्त अनुभूतिको परिणाम स्वरूप सकेसम्म दीन हीनलाई दान पुण्य गर्नुहुन्थ्यो । उहाँ आफ्ना साथीहरूको पनि अति प्रिय व्यक्ति हुनुहुन्थ्यो र साथीहरूलाई धन जन र बोलीले पनि मद्दत गर्नहुन्थ्यो । आफ्नो पुर्खाबाट सिकि आएको परम्परागत वैद्य औषधीउपचार पनि गर्नुहुन्थ्यो । त्यसैले उहाँ बैद्यबा अथबा जेठादाइको नामले टोलमा चिनिनु हुन्थ्यो ।

तर दुर्भाग्यबस आफ्नो बृद्धावस्थामा उहाँ उच्च रक्तचाप र मधुमेह रोगबाट पीडित हुन पुग्नुभयो । बाँचुन्जेल परिवार तथा समाजका विभिन्न गुठीहरूमा थकाली भएर

Downloaded from http://dhamma.digital

कल्याणकारी काम गरेर आउनु भएका हाम्रा पूज्यपिता यस अनित्य संसारबाट वि. सं. २०४६ फागुन ३ गते मध्य-रातमा सदाको लागि बिदा लिएर जानुभयो। अब उहाँको पुण्यस्मृतिमा हामी छोरा छोरीहरूको एक मात्र कर्तव्य उहाँको नाउँमा धर्मकर्म गरिकन पुण्य प्रदान गर्नु हो। हामी सम्झन्छौं–

"अनिच्चावत संङ्खारा, उप्पादवय धम्मिनो;
उप्पज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखोति।"

नेपालको कुना काप्चामा बसिरहेका बौद्धधर्मप्रति अभिरुची राख्ने प्रत्येकलाई यस अनाथपिण्डिक सम्बन्धि विस्तृत रूपमा अति मेहेनतपूर्वक तयार पारिएको पुस्तकले ठूलो मद्दत मिल्नेछ भन्ने कामना गर्दै पूज्यवर भिक्षु अमृतानन्द महास्थविर प्रति साधुवाद प्रकट गर्दछौं।

अन्तमा हाम्रो यस कार्यले दिवंगत पूज्य पितालाई निर्वाण फल प्राप्त होस् भनी कामना गर्दछौं।

भवतु सब्ब मंगलं !

पत्नी श्रीमती निर्मल देवी तुलाधर
छोरीहरू श्रीमती लक्ष्मी हेरा तुलाधर
श्रीमती प्रेम हेरा ताम्राकार
सुश्री ज्ञानहेरा तुलाधर
श्रीमती दान हेरा कंसाकार
श्रीमती पूर्ण हेरा ताम्राकार
श्रीमती प्रविता राजकर्णिकार
छोराहरू श्री दीपक काजी तुलाधर
श्री प्रकाश काजी तुलाधर
श्री बाबुराजा तुलाधर

बुद्ध सम्बत २५३४ स्वाँयापुन्ही
नेपाल सम्बत १११० बछलाथ्व
बिक्रम सम्बत २०४७ बैशाख

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# केही कुरा

प्रस्तुत पुस्तिका भगवान् बुद्धको पालाका एक ठूलो साहुको बारेको हो । यिनको नाम बौद्ध साहित्यमा "अनाथ-पिण्डिक" ले प्रसिद्ध छ । यिनकै ठूलो परित्यागद्वारा बनाइएको श्रावस्तीको जेतवनाराममा भगवान् बुद्ध धेरै समय बस्नु भएको थियो । बुद्धधर्ममा यिनको ठूलो कीर्ति छ ।

प्रस्तुत पुस्तिकामा अनाथपिण्डिक सेठको वारेमा आफ्नो बुद्धिले भ्याएसम्म पालिसाहित्यमा पाइएका कारणहरू खोजगरी यहाँ एकत्रित गरिदिएको छु । तैपनि कहीं कतै यिनको सम्बन्धमा कुनै कुरा छुट्न गएको भए कृपापूर्वक पाठकहरूले सूचित गर्नु भएमा भावी शब्दकोषमा समावेश गर्न सकिने हुनाले यो उपकार जस्तै हुनेछ ।

प्रस्तुत पुस्तिका पढ्ने तरिका सम्बन्धी एक दुइ कुरा यहाँ सूचित गरिदिनु राम्रो होला भन्ने विचारले केही कारण लेखिरहेको छु ।

पुस्तिका पढेर जाँदा कोष्ठभित्रका कुरा नपढे पनि हुन्छ । यो केवल जानकारीको लागि मात्र हो । कोष्ठभित्र

Downloaded from http://dhamma.digital

राखेको संकेत शब्दद्वारा पढेको कुरा फलाना ठाउँमा उल्लेख भएको छ भन्ने प्रमाण देखाउनको निमित्त हो । जस्तै– पृ. १ मा "यिनको जन्म श्रावस्ती नगरको एक ठूलो धनी कुलमा भएको थियो । यिनको बाबुको नाम 'सुमन' हो ।" यो कुरा अमुक ठाउँमा उल्लेख भएको छ भन्ने कुरा कोष्ठभित्र (अं. नि. अ. क. I पृ. ३०८) भनी लेखिएको हो ।

कतै कतै अर्थ देखाउनको लागि पनि कोष्ठभित्र दुइ धर्सो राखी शब्द लेखिएको पाउनु हुनेछ । जस्तै– पृ. २ मा "पिण्ड (=भात)" अर्थात् पिण्ड भनेको भातलाई भनिएको हो । पृ. ९ मा "आराम (=उद्यान)" अर्थात् आराम भनेको उद्यानलाई भनिएको हो ।

कतै कतै दुइ धर्सो बिना कोष्ठभित्र पालिशब्द पाउनु हुन्छ । जस्तै– पृ. ३ मा "पुण्यलक्षणदेवी" (पुञ्ञलक्खण-देवी) । पुण्यलक्षण भनेको संस्कृत उच्चारण हो । कोष्ठ-भित्रको पुञ्ञलक्खण पालि उच्चारण हो ।

कतै कतै जस्तै– पृ. ३४ मा "खेम (=क्षेम)" पाउनु हुन्छ । 'खेम' भनेको पालि उच्चारण हो । दुइ धर्सो राखी कोष्ठभित्रको 'क्षेम' भनेको संस्कृत उच्चारण हो । पृ. ३५ मा "सिरिलक्खण" भनेको पालि उच्चारण हो । दुइ धर्सो सहित कोष्ठभित्रको शब्द संस्कृत उच्चारण हो ।

प्राय: जसो पालि शब्द अगाडि भए त्यसको अघिल्तिर दुइ धर्सो सहित कोष्ठभित्र संस्कृत शब्द पाउनु हुनेछ । यदि

Downloaded from http://dhamma.digital

पहिले संस्कृत शब्द भएमा त्यसको अघिल्तिर कोष्ठभित्र पालिशब्द पाउनुहुनेछ। जस्तै- पृ. ३९ मा "कालकण्णि" (=कालकर्णी)। अगाडि कालकर्णी भएमा त्यसको अघिल्तिर (कालकण्णि) भन्ने पालि शब्द पाउनु हुनेछ।

पृ. ६२ मा IV हुनुपर्ने ठाउँमा भूलले VI भएको छ।

स्वर्गीय रत्नकाजी तुलाधरको पुण्यस्मृतिमा वहाँकी श्रीमती निर्मल देवी तुलाधर तथा पुत्र श्री दीपक काजी तुलाधर सहित सबै परिवारहरूले महत् श्रद्धापूर्वक सम्पूर्ण खर्च बेहोरी प्रस्तुत पुस्तिका प्रकाश गर्नुभएको हो। यस पुण्य प्रभावद्वारा स्वर्गीय रत्नकाजी तुलाधरलाई सुगति स्वर्गवास मिलोस् भनी हार्दिक प्रार्थना गर्दछु।

सदा झैं भाषा संशोधन तथा प्रूफ हेर्ने काममा प्रा. वटुकृष्ण 'भूषण' र आयुष्मान् कुमार काश्यपलाई हार्दिक साधुवाद दिएको छु।

पुस्तिकामा लेखिएका संकेत शब्दहरू र सहायता लिएका ग्रन्थहरूको विवरण पनि अगाडि उल्लेख गरेको छु।

"चिरं तिट्ठतु सद्धम्मो"

आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं
नेपाल।
फो. नं. २७१-४२०

भिक्षु अमृतानन्द
जेठ ५, २०४७

Downloaded from http://dhamma.digital

## सहायक ग्रन्थहरू र संकेत शब्दको अर्थ–

अप. दा. अ. क.=अपदानट्ठकथा – हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई. सं. १९३०

अभि. धा. प. गा. नं.=अभिधानप्पदीपिका, गाथासंख्या, वासकडुवे सुभूतित्थेर संशोधित, कोलम्बो, श्रीलंका, ई. सं. १९३८

अं. नि. पा. I, II, III, IV= अङ्गुत्तरनिकायपालि, नालन्दा प्रकाशन, भारत, ई.सं. १९६०, १९६०, १९६०, १९६०

अं. नि.–१,२,३,४,५,६,७,८,९,१० = अङ्गुत्तरनिकायपालि, एककनिपात, दुकनिपात, तिकनिपात, चत्तुक्कनिपात, पञ्चकनिपात, छक्कनिपात, सत्तकनिपात, अट्ठकनिपात, नवकनिपात, दसकनिपात–नालन्दा प्रकाशन, भारत।

अं. अ. क.–I, II–अंगुत्तरनिकायट्ठकथा, भाग–१, २ हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई.सं. १९२३, १९३१

Downloaded from http://dhamma.digital

उदा. पा.=उदानपालि, नालन्दा प्रकाशन, भारत, ई. सं. १९५९

उदा. अ. क.=उदानट्ठकथा, हेवावितरण प्रकाशन, कोलम्बो, श्रीलंका, ई. सं. १९२०

चुल्ल. व. पा.=चुल्लवग्गपालि– नालन्दा प्रकाशन, भारत, ई. सं. १९५६

जा. अ. क. I–II=जातकट्ठकथा, भाग–१, २– शीलानन्द-त्थेरसंशोधित, कोलम्बो, श्रीलंका, ई. सां. १९७२

जा. अ. क. III, IV, V, VI, VII=जातकट्ठकथा, भाग–३, ४, ५, ६, ७- हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई. सं. १९३१,१९३४, १९३५, १९३७, १९३९

जा. नं.=जातकको क्रमसांख्या ।

जा. सं.–१,२,३,४=जातक संग्रह– भाग १,२,३,४–आनन्द-कुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सां. २०३६, २०३६, २०३७, २०३९

थेर. गा. पा.=थेरगाथापालि– नालन्दा प्रकाशन, भारत, ई. सां. १९५९

थेर. गा. अ. क. I, II–थेरगाथट्ठकथा, भाग–१,२ –नालन्दा प्रकाशन, भारत, ई. सं. १९७६, १९७७

Downloaded from http://dhamma.digital

थेरी. गा. अ. क.=थेरीगाथट्ठकथा– हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई. सं. १९१८

दी. नि. I, II, III=दीघनिकायपालि, नालन्दा प्रकाशन, भारत, ई. सं. १९५८,१९५८,१९५८

दी. नि. अ. क.= दीघनिकायट्ठकथा– नालन्दा प्रकाशन, भारत, ई. सं. १९७४, १९७५, १९७६

धम्म. प.=धम्मपद (नेपाली अनुवाद) आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि.सं. २०४६ तेस्रो संस्करण

धम्म. प. अ. क.=धम्मपदट्ठकथा, बुद्धदत्तत्थेर सम्पादित– कोलम्बो, श्रीलंका, ई. सं. १९५६

नेवारी. धम्म. प.अ. क.–१=नेवारी धम्मपदट्ठकथा भाग–१– आनन्दकुटी विहार गुठी प्रकाशन, दुतियावृत्ति, वि. सं. २०३९

पपं. सू.– I, II, III, IV=पपञ्चसूदनी भन्ने मज्झिमनिकायको अट्ठकथा, भाग–१,२,३,४– हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई.सं. १९३३,१९४३, १९४७, १९५२

पटि. म. अ. क.=पटिसम्भिदामग्गट्ठकथा–हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई. सं. १९२७

पाचि. पा.=पाचित्तियपालि–नालन्दा प्रकाशन, भारत, ई.सं. १९५८

पेत. व. अ. क.=पेतवत्थु अट्ठकथा– हेवावितारण प्रकाशन,

Downloaded from http://dhamma.digital

कोलम्बो, श्रीलंका, ई. सं. १९१७

बु. गृ.–१, २, ३=बुद्धकालीन गृहस्थीहरू, भाग–१, २, ३– आनन्दकुटी विहार गुठी प्रकाशन, वि.सं. २०२९, २०३५, २०३६

बु. जी.=बुद्धजीवनी चतुर्थावृत्ति– आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं. २०४४

बु. प.–१,२,३=बुद्धकालीन परिव्राजकहरू, भाग–१,२,३– आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं. २०३०, २०४२, २०४३

बु. प्रे.= बुद्धकालीन प्रेतकथा– आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं २०३३

बु. ब्र.– १,२,३=बुद्धकालीन ब्रह्मादिदेव भाग– १,२,३– आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं. २०३३, २०४२, २०४२

बु. ब्रा.– १,२,३=बुद्धकालीन ब्राह्मण– भाग–१,२,३ आनन्द कुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं. २०२८, २०३४, २०३४

बु. भा. भू=बुद्धकालीन भारतीय भूगोल– डा० भरतसिंह उपाध्याय, २०१८ हिन्दी साहित्य सम्मेलन, प्रयाग, भारत ।

बु. म.– १,२=बुद्धकालीन महिलाहरू, भाग– १,२– आनन्द कुटी विहारगुठी प्रकाशन, काठमाडौं वि. सं.

Downloaded from http://dhamma.digital

२०३०, २०३९.

बु. रा.– १,२,३=बुद्धकालीन राजपरिवार, भाग–१,२,३ आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं. २०२९, २०४१, २०४१

बु. वि.=बुद्धकालीन विमानकथा – आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं. २०३३

बु. वं. अ. क.= बुद्धवंसट्ठकथा– हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका ई. सं. १९२२

बु. श्रा. च.–१,२,३,४,५,६=बुद्धकालीन श्रावक चरित भाग–१,२,३,४,५,६– आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं, वि. सं. २०३१, २०३९, २०४०, २०४०, २०४०, २०४४

बु. श्रावि. च.– १=बुद्धकालीन श्राविका चरित, भाग–१ आनन्दकुटी विहार गुठी प्रकाशन, वि.सं.२०३१

म. नि.– I, II, III=मज्झिमनिकायपालि, भाग– १,२,३– नालन्दा प्रकाशन, भारत, ई सं.१९५८,१९५८,१९५८

म. नि. अ. क. I, II, III, IV= मज्झिमनिकायट्ठकथा, भाग-१, २, ३, ४– हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई. सं. १९३३, १९४३, १९४७, १९५२

मनो. र. पू. -I, II,-मनोरथपूरणी भन्ने अंगुत्तरनिकायको अट्ठकथा, भाग– १,२– हेवावितारण प्रकाशन,

Downloaded from http://dhamma.digital

कोलम्बो, श्रीलंका, ई. सं. १६२३, १६३१

महा. व. पा. =महावग्गपालि– नालन्दा प्रकाशन' भारत, ई. सं. १६५६

सम. पा. I, II, III=समन्तपासादिका भन्ने विनयट्ठकथा, भाग– १,२,३– नालन्दा प्रकाशन, भारत, ई. सं. १६६४, १६६५, १६६७

सुमं.वि. I,II,III=सुमङ्गलविलासिनी भन्ने दीघनिकायट्ठकथा, भाग– १, २, ३– नालन्दा प्रकाशन, भारत, ई.सं. १६७४, १६७५, १६७६

सां. नि. अ. क. सां. अ. क. I, II, III= संयुत्तनिकायट्ठकथा भाग–१,२,३– हेवावितारण प्रकाशन, कोलम्बो, श्रीलंका, ई. सं. १६२४,१६२७, १६३०

सं. नि. I, II, III, IV= संयुत्तनिकायपालि, भाग–१, २, ३,४–नालन्दा प्रकाशन, भारत, ई. सं. १६५६, १६५६, १६५६, १६५६

D. P. P. I, II= Dictionary of Pali Proper Na-mes– Dr. G. Malalasekara, London, 1937, 1938

S. B.=Sanskrit Buddhism–J. K. Nariman Reprint, Delhi 1972

S. B. L. N.=The Sanskrit Buddhist Literature of Nepal– Rajendralala Mitra, Reprint 1971

Downloaded from http://dhamma.digital

# बिषय-सूची

पृष्ठः


(१) नामकरण १

(२) सहपाठी साथी २

(३) विवाह ३

(४) छोराछोरी र दाजुभाइ ४

(५) बुद्धदर्शन ५

(६) जेतवनविहारको निर्माणकार्य ८

(७) बिहार दान १५

(८) हजारौं भिक्षुहरू २०

(९) अचलचैत्यस्थान २२

(१०) अग्रस्थान २३

(११) उपोसथव्रत २३

(१२) बुद्ध उपस्थान २६

(१३) गरीब भए २७


Downloaded from http://dhamma.digital

(१४) सेठको कुखुरो ३४
(१५) दासीहरू ३६
(१६) साथीहरू ३९
(१७) नन्द गोपालक ४५
(१८) ब्यापारी मात्र थिएनन् ४७
(१९) नित्यवर्षावास ४९
(२०) छोरा बुहारी ५१
(२१) अनाथपिण्डिकको गुण र सुमनादेवी ५६
(२२) दान दिनु बेश हो ५९
(२३) सच्चो भएन ६१
(२४) अपवाद ६२
(२५) श्रद्धा र परिवार ६३
(२६) शुद्ध कामभोगी र ब्रह्मचारी ६५
(२७) अन्तिमघडी ६६
(२८) अनाथपिण्डिक देवपुत्र ६७
(२९) अनाथपिण्डिक सम्बन्धी सूत्र ७०
(३०) संस्कृत बौद्ध साहित्य ७३

Downloaded from http://dhamma.digital

# अनाथपिण्डिक गृहपति

यो एक असंख्य धनसम्पत्ति हुने साहुको नाम हो। शाक्यमुनि गौतमबुद्धको पालामा यिनले बुद्धधर्म प्रचार गर्नको निमित्त ठूलो धनरासी खर्चगरी भगवान्बुद्ध र वहाँका शिष्यहरूलाई स्थायीरूपले बस्नको निमित्त श्रावस्तीमा **"जेतवनाराम"** भन्ने सुप्रसिद्ध विहार बनाइदिएका थिए। श्रावस्तीको नजिक अचिरवती नदी छ। आजकल यस नदी-लाई 'रापती' नदी भन्दछन्। (बु.भा.भू.पृ. १३१,२३७)

## नामकरण

यिनको जन्म श्रावस्तीनगरको एक ठूलो धनी कुलमा भएको थियो। यिनको बाबुको नाम 'सुमन' हो। (अं.नि. अ.क. I पृ. ३०८ : सुदत्त गहपति वत्थु; थेर.गा.अ.क. I पृ. ३२ : सुभूतित्थेरगाथट्ठकथा; बु.गृ.–१, पृ. २५). आमाको नाम चाहिं कतै उल्लेख भएको भेटिएको छैन। आमा बाबुले राखेको यिनको नाम "सुदत्त" हो। (पटि.म.अ.क.पृ. ३६८ :

Downloaded from http://dhamma.digital

इन्द्रियकथा–७७; बु.गृ.–१, पृ. ३०,३४,११४) जहिले पनि अनाथ, गरीबगुरुवा तथा याचकहरूलाई पिण्ड (=भात) दान दिने भएकाले सबैले उनलाई "अनाथपिण्डिक"[1] अर्थात् अनाथहरूलाई भोजन दिने भनि भन्न थाले। त्यसो हुँदाहुँदै उनको खास नाम 'सुदत्त' भन्दा पनि 'अनाथपिण्डिक' भन्ने उपनामनै धेरै प्रसिद्ध भयो। (पटि.म.अ.क.पृ.३६८; बु.गृ.–१,पृ. ३०; पपं.सू. I पृ. ५६ : सब्बासवसुत्तवण्णना; अँ,अ.क. I पृ. २०८ : सुदत्तकथा, एककनिपातवण्णना)

## सहपाठी साथी

यिनका सहपाठी साथी साकेत नगरका कालक भन्ने सेठका छोरा कालक नै थिए। यिनीहरूले एकै आचार्यकहाँ पढेका थिए। (अं.अ.क–४ II पृ.४८२: उरुवेलवग्गो–३; धम्म.प.अ.क.पृ.७०५: चुल्लसुभद्दावत्थु, पकिण्णकवग्गो–२१; बु.म–२, पृ.५२,५४) धम्म.प.अ.क.पृ.७०५ को कथामा चाहिं उग्गनगरवासी, उग्गसेठका छोरा 'उग्ग' भन्ने उल्लेख भएको छ। मैले यहाँ अं.अ.क. मा उल्लेख भए अनुसार उल्लेख गरेको छु।

---

1 संस्कृत बौद्ध साहित्यमा 'अनाथपिण्डिक' लाई 'अनाथपिण्डद' भन्दछन्। (दिव्यावदान, कोटिकर्णावदान पृ. १; महावस्तु अवदान पृ. ३; S.B. पृ. १९ : ललितविस्तर; S.B.L.N. पृ. १९)

Downloaded from http://dhamma.digital

# विवाह

अनाथपिण्डिक साहु ठूलो व्यापारो थिए । राजगृहका अर्का एक साहु पनि ठूलो ब्यापारी थिए । यी दुबै साहुहरूका बहिनीहरू थिए । अतः यिनीहरूले उनकी बहिनी उनले र उनकी बहिनी उनले सट्टापट्टा गरी विवाह गरेका थिए । त्यसैले सं. अ. क. *I*. पृ. २४०: सुदत्तसुत्तवण्णना, यक्खसंयुत्तले **"अनाथपिण्डिको च राजगहसेट्ठी च अञ्ञमञ्ञं भगिणिपतिका होन्ति"** अर्थात्–"अनाथपिण्डिक र राजगृह श्रेष्ठीहरू अन्योन्य बहिनीहरूका पति (जेठान) थिए" भनी उल्लेख गरेको हो । राजगृह श्रेष्ठीकी बहिनीको नाम **"पुण्यलक्षणदेवी"** (पुञ्ञलक्खणदेवि) हो । (चुल्ल व. पा. पृ. २४९: अनाथपिण्डिकवत्थु; जा. अ. क. I–II, पृ. ६४९: सिरिजातकं, जा. नं. २८४; बु. गृ–१. पृ. २५; बु. गृ–३ पृ. २३२; अं. अ. क. I पृ २०८) जब राजगृहका सेठ ५०० गाडामा मालसामान लिई श्रावस्तीमा आउँथे तब उनले श्रावस्ती पुग्तुभन्दा १योजन वरबाटै अनाथपिण्डिकलाई खबर पठाउँथे । अनि अनाथपिण्डिक साहु बाटो हेर्न जान्थे । श्रावस्तीमा पुगेपछि राजगृह श्रेष्ठीले मालसामान बिक्री गरी सामानहरू बाँकी रहेमा बहिनीकहाँ राखेर हिंड्दथे । अनि जब अनाथपिण्डिक साहु मालसामान राखी ५०० गाडा लिएर राजगृह जान्थे तब उनले पनि १ योजना वरबाटै राजगृहसाहुलाई खबर पठाएपछि उनी बाटो हेर्न आउँथे ।

Downloaded from http://dhamma.digital

(सं. नि. अ. क. *I* पृ. २४०: सुदत्तसुत्तवण्णना, यक्खसंयुत्त; बु. गृ–१ पृ. ३१) राजगृहबाट श्रावस्ती ४५ योजन पर्छ। (बु. रा–१ पृ. १५०; सं. नि. अ. क. *I.* पृ. २४३: सुदत्त-सुत्तवण्णना, यक्खसंयुत्त।)

## छोराछोरी र दाजुभाइ

अनाथपिण्डिकका **काल** भन्ने एक छोरा, (धम्म प. अ.क.पृ. ५४२: **अनाथपिण्डिकपुत्तस्स** वत्थु, लोकवग्गो–१३; बु. गृ–१ पृ. २६); **महासुभद्रा** भन्ने जेठी छोरी, **चुल्लसुभद्रा** भन्ने माहिली छोरी तथा **सुमनादेवी** भन्ने कान्छी छोरीहरू थिए[1]। (धम्म. प. अ. क. पृ. ९४: सुमनादेवी वत्थु, यमक-वग्गो; बु. गृ–१ पृ. २६; बु. म.–२ पृ. ५२, ६४, २३३, २४९) अनाथपिण्डिकको बुहारी **धनञ्जानी सेठकी कान्छी छोरी** अर्थात् विशाखा महाउपासिकाकी कान्छी बहिनी **सुजाता** भन्ने थिइन्। (बु. गृ.–१ पृ. २६; बु. म–२ पृ. ९०, १८९, १९३; बु. म–१ पृ. १४, १७, ५४) अनाथपिण्डिकको जस्तै ५०० परिवार हुने उनका एक भाइ **चुल्लअनाथपिण्डिकको**

---

1 दिव्यावदानको कुणालावदान पृ.२५८ मा अनाथपिण्डदकी सुमागधा छोरी छिन् भन्ने उल्लेख भएको छ। यसैगरी **S.B.** पृ.६२; **S.B.L.N.** पृ. ७२ र २३३: सुमागधावदानमा पनि उल्लेख भएको छ। **S.B.LN.** पृ. २६६: सुप्रिया कथामा **सुप्रिया भन्ने** अर्की एउटी छोरीको नाम पनि उल्लेख भएको पाइन्छ।

Downloaded from http://dhamma.digital

नाम सं.नि. अ. क. *III* पृ. २२३ः धम्मिकसुत्तवण्णना, सोतापत्तिसंयुत्तमा उल्लेख भएको पाइन्छ । (बु. गृ.–२ पृ. ३९७; बु म–१ पृ. ९२; बु. गृ–१ पृ. १३७)

त्यसैगरी यिनका एक अर्को भाइ सुभूति भन्ने भएको कुरा थेर. गा. अ. क. *I* पृ ३२ सुभूतित्थेर गाथट्ठकथा र अप. दा. अ. क. पृ. २८७ः सुभूति थेरापदानंमा यसरी उल्लेख भएको छ–

**"अम्हाकं भगवतो काले सावत्थियं सुमनसेट्ठिस्स गेहे अनाथपिण्डिकस्स कनिट्ठो हुत्वा निब्बत्ति 'सुभूती' ति तस्स नामं अहोसि ।"** अर्थात्– हाम्रा भगवान्‌को पालामा श्रावस्तीमा सुमन सेठको घरमा अनाथपिण्डिकका भाइ भइ जन्मेको थिए । उनका नाम 'सुभूति' थियो ।

## बुद्धदर्शन

एक दिन अनाथपिण्डिक साहु श्रावस्तीबाट ५०० गाडा लिई राजगृह जाँदा अघि अघि जस्तै १ योजन वरबाटै राजगृह श्रेष्ठीलाई खवर पठाए । किन्तु त्यसदिन उनले त्यस खवरको उत्ति वास्ता नराखी भगवान्‌को धर्मोपदेश सुन्न विहारमा गए । धर्मश्रवणद्वारा प्रसन्न भएका सेठले भगवान् सहित भिक्षु सङ्घलाई भोलिको निमित्त भोजनद्वारा निम्तो गरे । घरमा आइपुग्नासाथ घरका कामदारहरूलाई "यसो

Downloaded from http://dhamma.digital

गर, उसो गर; यो गर, त्यो गर" भनी काम अह्राउँदा अह्राउँदै त्यसैमा ब्यस्त भए। त्यसैले त्यसदिन उनी अनाथ-पिण्डकको बाटो हेर्न पनि जान सकेनन्। घरमा आएका उनीसँग "संचै हुनुहुन्छ? घरका जहानहरूलाई कुशलै छ?" भन्ने बाहेक अघि जस्तो अरू कामधाम छाडी बसेर लामो कुराकानी पनि उनले गरेनन्। राजगृहश्रेष्ठी सारै ब्यस्त भएको देखी अनाथपिण्डकले "क्याहो, तपाईंको केही आवाह विवाह छ कि, अथवा बिम्बिसार राजा आउँदै छन् कि?" भनी सोध्दा सेठले भने– "होइन, केही त्यस्तो काम छैन। तर भोलिको निमित्त मैले भगवान् बुद्धलाई भोजनद्वारा निम्तो गरेको छु।" (चूल्ल. व. पा. पृ. २४९: अनाथपिण्डक वत्थु, सेनासनक्खन्धकँ; सं. नि. अ. क. I पृ. २४०: सुदत्त-सुत्तवण्णना, यक्खसंयुत्तं; बु. गृ.–१ पृ. २७)

"बुद्ध" भन्ने शब्द सुनेर उनको शरीरमा प्रीति फैलिएर गयो। उनले उसै बखत बुद्धको दर्शन गर्न जाने इच्छा गरेका थिए। तर राजगृह सेठले "अहिले रात परि-सक्यो भोलि जानुहोस्" भनी भने। अनि उनी सात तले घर-माथि गएर बुद्धको स्मरण गरी सुते। (सं. नि. अ. क. I पृ. २४१: सुदत्तसुत्तवण्णना) तर उनको मनमा बुद्धको मात्र संझना भइरहेको हुँदा उज्यालो हुनुभन्दा अगाडि नै उनले उ-ज्यालो भयो भन्ने ठानी भगवान् बुद्ध बस्नुभएको राजगृह मसान भन्दा पारि पट्टिको **शीतवनमा** जान्छु भनी जाँदा फेरि अँध्यारो पर्‍यो। मसानमा पुग्दा जिरिंग पनि भए। पछि फेरि जे भए

Downloaded from http://dhamma.digital

पनि जानैपर्छ भनी जाँदा उक्त वनमा पुगे । त्यसबखत भगवान् बाहिर चंक्रमण गरिरहनु भएको थियो । अनाथपिण्डिकले मनमा विचार गरे "यदि वहाँ बुद्ध हुनुहुन्छ भने मलाई वहाँले मेरो आफ्नै नामले सम्बोधन गर्नुहुनेछ नत्र गर्नुहुने छैन ।" जब सेठ त्यस ठाउँमा यता उता गरी ओहोर दोहोर गरिरहेका थिए तव भगवान्ले– "**सुदत्त, सुदत्त** ! म यतातिर छु " भनी भन्नुभयो तब यो आवाज सुनी सेठ यति खुशी भए कि जुन कुरा शब्दद्वारा व्यक्त गर्न मुश्किल छ। अनि उनी भगवान् छेउँ गए । भगवान्ले उनलाई धर्मोपदेश सुनाउनु भयो । उपदेश सुनिसकेपछि उनी **स्रोतापन्न** भए । आजीवन उपासकत्व ग्रहण गरी उनले भगवान्लाई भोलिको निमित्त भोजनद्वारा निम्तो पनि गरे । त्यसैले चुल्ल. व. पा. पृ.२५१: अनाथपिण्डिकवत्थु, सेनासनक्खन्धकंमा "**अथ खो अनाथपिण्डिको गहपति दिट्ठधम्मो पत्तधम्मो विदितधम्मो**" आदि भनिएको हो । अर्थात्– "अनाथपिण्डिक गृहपति दृष्टधर्म, प्राप्त धर्म, विदितधर्म" आदि भनिएको हो । यसको मतलव उनी स्रोतापन्न भए भनिएको हो । (बु. गृ–१ पृ. २७, ३६; बु. रा–१ पृ. १४१; अं. अ. क. I पृ. २०८, २४३: सुदत्तकथा, एकक निपात; थेर. गा. अ. क. I पृ. २३: सुभूतिथेर गाथट्ठकथा; अ. प. दा. अ. क. पृ. ८१: निदानकथा; जा. अ. क. *I–II* पृ. ७५: सन्तिकेनिदानं) अनि भोलिपल्ट उनले राजगृह सेठको घरमै भगवान्को निमित्त भोजनको व्यवस्था गरे । राजगृहका श्रेष्ठी, बिम्बिसार राजाहरूले "तिमी यहाँ आग-

Downloaded from http://dhamma.digital

न्तुक ह्वौ, तिमोलाई चाहिने कामको मद्दत हामी पनि गर्न सक्छौं" भनी भन्दा उनले "भइहाल्यो म आफै गर्नसक्छु" भनी आफैले सबै कामको व्यवस्था गरे। अनि भोलिपल्ट भोजन तयार भएको सूचना पठाए। भगवान् सहित भिक्षुसङ्घलाई भोजन गराइसकेपछि उनले भगवान्लाई श्रावस्तीमा वर्षावास बिताउन हुन निम्त्याए। त्यसैले चुल्ल व. पा. पृ. २५२ मा "**अधिवासेतु मे भन्ते, भगवा सावत्थियं वस्सावासं सद्धिं भिक्खुसङ्घेनाति**" भनी उल्लेख भएको हो। अर्थात्– "भन्ते ! भिक्षुसंघ सहित भगवान् श्रावस्तीमा वर्षावास गर्नको निमित्त पाल्नुहोस्" भनी प्रार्थना गरे।

भगवान्ले "गृहपति ! तथागतहरू शून्य र शान्त स्थान रुचाउँछन्" भनी भन्नुभयो। उनले "भन्ते ! कुराबुझें" भनी भने। (चुल्ल. व. पा. पृ. २५५: अनाथपिण्डिकवत्थु, सेनासनक्खन्धकं; बु. गृ–१ पृ. ३७, ३८; अं. अ. क. *I* पृ. २८; अप. दा. अ. क. पृ. ८१: निदान कथा; थेर. गा. अ. क. *I*. पृ. २३: सुभूति थेरगाथट्ठकथा) भगवान्ले निम्तो स्वीकार्नु भयो। अनाथपिण्डिक सेठले राजगृहमा १ हप्तासम्म भगवान्लाई भोजन दान गराए। (सं. नि. अ. क. *I* पृ.२४३: सुदत्तसुत्तवण्णना, यक्खसंयुत्तं)

## जेतवन विहारको निर्माण कार्य

त्यसबखत अनाथपिण्डिकका धेरै मित्रहरू थिए।

Downloaded from http://dhamma.digital

उनको कुरा सबैले सुन्थे । उनको कुरामा विश्वास गर्थे । अनि राजगृहको काम सिध्याई उनी फर्किदा ४५ योजनको बीच बाटामा १/१ योजनमा त्यहाँका मानिसहरूलाई "लोकमा भगवान् बुद्ध उत्पन्न हुनुभएको छ । मैले उहाँलाई श्रावस्तीमा पाल्नुहुन निम्त्याएर आएको छु । वहाँ यही बाटो भई आउनु हुनेछ । अतः तपाइँहरूले आ-आपनो इलाकामा विहार बनाउनुहोस्" भनी १/१ लाख रुपैयाँ दिई विहार बनाउन लगाई श्रावस्तीमा आइपुगे । (चुल्ल. व. पा. पृ. २५२: अनाथपिण्डिकवत्थु, सेनासनक्खन्धकं; सं. नि. अ. क. I पृ. २४३: सुदत्तसुत्तवण्णना; यक्खसंयुत्त; अं. अ. क-१ I पृ. २०८: सुदत्तकथा; अप. दा. अ. क. पृ. ८१: निदानकथा; थेर. गा अ. क. I पृ. २३: सुभूति थेरगाथट्ठकथा; जा. अ.क. I-II पृ. ७५: सन्तिकेनिदान; बु. गृ-१ पृ. २७-२८)

श्रावस्तीमा आइपुगेपछि भगवान्ले भन्नु भए अनुसारको ठाउँ खोज्न थाले । जेत राजकुमारको आराम (=उद्यान) बाहेक अरू कतै पनि योग्य ठाउँ पाउन नसकेपछि जेत राजकुमारकहाँ गई सो आराम मागे । सुरुमा त राजकुमार अलि रिसाएका जस्ता देखिन्थे त्यसैले यो ठाउँ कसैलाई दिने होइन "करोडौं असर्फी बिछ्याए पनि दिने छैन" भनी भने । सेठले तपाइँको उद्यान मैले लिइसकें भनी भने । राजकुमारले दिएको छैन भनी भने । सेठको तर्कानुसार यो कुरा न्यायाधीशकहाँ गयो । न्यायाधीशले "मूल्य

Downloaded from http://dhamma.digital

बताउनु भएको हुनाले यो उदद्यान दिएको ठहर हुन्छ" भनी भनेपछि राजकुमार नाजवाफ भए। अनि राजकुमारले जति ठाउँ चाहन्छौ त्यति ठाउँमा असर्फी बिछ्याएर लेऊ भनेपछि सेठले भगवान्को पालाको प्रकृति मान (=नाप) अनुसार १६ करीस[1], राजमान (=नाप) अनुसार ८ करीस (२० एकड) प्रमाणको भूमिभागमा, रूख र पोखरी आदि भएको ठाउँको प्रमाण अनुसार मूल्य दिई अरू ठाउँमा गाडाका गाडा असर्फी बिछ्याउन थाले। त्यसमध्ये एक स्यानो टुक्रा जग्गालाई नपुगेपछि फेरि लिन पठाए। यो

---

1 'करीस भन्ने शब्द बुद्धको जमाना र त्यसभन्दा अघि चलिरहेको जग्गा नाप गर्ने शब्द हो। आजकलको भाषामा १ करीस भनेको यति नै हो भनी भन्न अप्ठेरो पर्छ। तर अभि. धा. प. र अरू अरू शब्द-कोष तथा बौद्ध साहित्यमा पाइएको आधार अनुसार निम्न निष्कर्षमा पुग्न सकिन्छ जस्तो लाग्छ।

सर्वप्रथम अभि. धा. प. गा. नं. १०३२ मा **"अम्मणं दोनियं चेकादस दोणप्पमाणको"** अर्थात्– ११ द्रोणीको १ अम्मण हुन्छ। ४ अम्मणको १ करीस हुन्छ भनी अभि. धा प. गा. नं. १६७ मा उल्लेख भएको छ (बु. म.–१ पृ. ६६)

बु. म.-१ पृ. २७१ मा मैले ४४ पाथी जति बिउ रोप्न सक्ने भूमि प्रमाणलाई अथवा २॥ (अढाइ) एकड भूमि भागलाई १ करीस भन्दछन् भनी उल्लेख गरेको छु। त्यसैले ८ करीस भूमिभागलाई मैले बु. गु.–१ पृ. २५ मा २० एकड भनी उल्लेख गरेको हुँ। अढाइ आठ बीस हुन्छ। (२॥ × ८ = २०)

Downloaded from http://dhamma.digital

देखेर राजकुमार बडो आश्चर्य चकित भए । १/२ करोड पनि नजाने जग्गालाई १८/१८ करोड असर्फी यिनले बछ्याइसके । कुनै ठूलो कामको लागि होला भन्ने मनमा लागि बुद्धको निमित्त भन्ने कुरा पनि थाहा पाएपछि त्यो एक टुक्रा जग्गा आफ्नो तरफबाट परित्याग गरे । (चुल्ल. व. पा. पृ. २५३. अनाथपिण्डिकवत्थु, सेनासनक्खन्धकं; पपं. सू. I पृ. ५६: सब्बासवसुत्तवण्णना; अं. अ. क. I पृ. २०८: सुदत्तकथा; अप. दा. अ. क. पृ. ८१-८२-८३ निदानकथा; जा.

---

अं. अ. क. *I* पृ. २४२: उत्तरानन्द माताको कथामा उनका पति पूर्णसिंहले बिहान देखि मध्याह्नसम्म १ करीस प्रमाण भूमिभाग जोतेको कुरा उल्लेख भएको छ। तर धम्म. प. अ. क. पृ. ६११: उत्तरायवत्थु, कोधवग्गमा अर्धकरीस भनी उल्लेख भएको छ ।

महापरिनिब्बान सूत्रको धातु बिभाजनको कुरामा भगवान्‌को चूर्ण अस्थिधातुहरू १६ नाली थियो भनी बु. श्रा.-१ पृ. १४० मा उल्लेख भएको छ। १ नालीको १ कुरुवा भनी मैले उहीं उल्लेख गरेको छु । अन्न नाप्ने भाँडालाई 'तुम्ब' भनिएको छ । नेपाली बृहत् शब्दकोश पृ. ७२३ मा 'नाली' शब्दको अर्थ- प्रायः हिमालतिर अन्न आदि नाप्ने अन्दाजी दुई माने नापो भनी उल्लेख भएको छ । महाकश्यप स्थविर अघि गृहस्थी छँदा नुहाउँदा सुनको धूलो आँगमा घस्थे । त्यो फाल्नुपर्ने सुनको धूलो मगध नालीले १२ नाली (=कुरुवा) हुन्थ्यो भनी बु. श्रा. च.-६ पृ.-३४ मा उल्लेख भएको छ ।(सं. नि. अ, क. II पृ. १४५: चीवरसुत्तवण्णना, कस्सपसंयुत्तं; अं. अ. क. *I* पृ. १०१: कस्सपवत्थु; अप दा. अ. क पृ. २१६: महाकस्सप थेरापदान; थेर. गा. अ. क. *II* पृ. १४३: महाकस्सपत्थेरगाथावण्णना)

Downloaded from http://dhamma.digital

अ. क. I–II पृ. ७६: सन्तिकेनिदान; बु. गृ–१ पृ. २५,४०; बु. म–१ पृ. १६; सम. पा. III पृ. १३०४: सेनासनक्खन्धकं)

त्यसपछि अनाथपिण्डिक सेठले श्रावस्तीको दक्षिण दिशातिर (सुमं. वि. III पृ. १८०: अग्गञ्ञसुत्तवण्णना; म. नि. अ. क. II पृ. २४७: चूलतण्हासंखयसुत्तवण्णना; नेवारी धम्म. प. अ. क–१ पृ. ३) १८ कोटी धन खर्चगरी घरहरू बनाउन लगाए । १८ कोटी धन खर्चगरी ९ महीनासम्म विहार महोत्सव गरे भने विशाखाले ४ महीनासम्म विहार महोत्सव गरिन् । (अप. दा. अ. क. पृ. ८२: निदानकथा) यसरी जम्मा ५४ कोटी धन खर्च गरी जेतवनाराम तयार गरे[1] । (पटि. म. अ. क. पृ. ३६८: इन्द्रियकथावण्णना, महावग्ग; पपं. सू. I पृ. ५६: सब्बासवसुत्तवण्णना; पपं. सू II पृ. २४७: चूलतण्हासंखयसुत्तवण्णना; अं. अ. क. I पृ. २०८: सुदत्तकथा; अप. दा. अ. क. पृ. ८१–८२: निदानकथा; जा. अ. क. I-II पृ. ७६-७७: सन्तिकेनिदान; थेर. गा. अ. क. I पृ. ३३: सुभूतित्थेर गाथावण्णना; बु. म.-१ पृ. १९, ७०; बु. गृ–१ पृ. २५, २८ नेवारी धम्म. प. अ. क.–१ पृ. २) अनाथपिण्डिक सेठले ८ करीस (२० एकड) भूमिभागमा जेतवनाराममा

---

1 विहार बनाउनको लागि कति समय लाग्यो भन्ने कुरा चाहिं कहीं भेट्टाउन सकिएको छैन ।

Downloaded from http://dhamma.digital

घरहरूबनाए भने विशाखाले १ करीस (२॥ एकड) भूमि-भागमा विहारहरू बनाइकी थिइन्। (बु. म. १ पृ. ६६)

ज़ेतवनाराम भित्र केके बनाए भन्ने बारे चुल्ल. व. पा. पृ. २५३ मा यसरी उल्लेख भएको छ–

"प्राङ्गण सहित परिवेणहरू, कोठाहरू, उपस्थान शालाहरू, अर्थात् प्रतीक्षालयहरू, आगो बाल्ने र आगो ताप्ने घरहरू (अग्गिसालायो), अथवा पानी तताउने घरहरू, सेवा टहल गर्ने कप्पियकारहरू बस्ने घरहरू, चर्पीहरू, चंक्र-मण गर्ने ठाउँहरू, अर्थात् टहलिने ठाउँहरू, चंक्रमण शालाहरू (चंकमनसालायो), पानीका ठाउँहरू अर्थात् कुवाहरू, पानी खाने शालाहरू, स्नान गृहहरू, मानिसहरू भेला हुने घरहरू (जन्ताघर), मानिसहरू भेलाभई बस्ने शालाहरू (जन्ताघर सालायो), पोखरीहरू; मण्डपहरू आदि बनाउन लगाएका थिए।" (बु. गृ.–१ पृ. ४१)

अप. दा. अ. क. पृ. ८१: निदानकथाले र जा. अ. क. I-II पृ. ७६ सन्तिके निदान कथाले यस्तो पनि उल्लेख गरेका छन्।

"ज़ेतवनारामको मध्यभागमा दशबलको निमित्त गन्धकुटी बनाए। त्यसलाई माझमा पारी चारैतिर असीति महाश्रावकहरूको लागि एक एक, दुइ दुइ कुटीगरी बनाए। हाँसको आकार जस्तै (हंसवट्टक, हंसवट्ट छाना भएका) लामो छोटो गरी शालाहरू बनाए। मण्डपहरू, सुत्ने, बस्ने ठाउँहरू

Downloaded from http://dhamma.digital

बनाए। पोखरीहरू आदि माथि उल्लेख भए झैं सबै ठाउँहरू बनाई १८ कोटी धन खर्चगरी मनोरम्य बनाए।"

यसको अलावा जेतवनाराम भित्र **करेरीकुटी, करेरी-मण्डपको** साथैत्यसको आसपासमा स्याना स्याना कुटीहरू थिए। करेरी भनेको वरुण(=करवीर)रुख हो। त्यस रुखनिर बनाइएको हुनाले **'करेरीकुटी'** भनिएको हो। कोसम्बरुख (कोसम्बरुक्ख) निर बनाइएको घरलाई **'कोसम्बककुटी'** भनिको हो। अनि **गन्धकुटी र सललागार** भन्ने घरहरू पनि थिए। सललागार एउटा चाहिं प्रसेनजित् कोशल राजाले बनाएका हुन्। अरू सबै १/१ लाख खर्चगरी ठूला ठूला घरहरू अनाथपिण्डिकले नै बनाएका हुन्। (दी. नि. अ. क. II पृ. ९३: महापदानसुत्तवण्णना; बु. म-१ पृ. ६६)

त्यतिका कोटी धन खर्च गरेर पनि अनाथपिण्डिक सेठको मुखमा कत्तिपनि अँध्यारोपन देखिन्नथ्यो बरु अति प्रसन्न भाव नै देखिन्थ्यो। यो कुनै स्यानो मामुली कामको लागि हो ओइन होला भन्ने मनमा लागेपछि **जेत राजकुमारले** आफूले छाडिदिएको एक टुक्रा जग्गामा आफूले एउटा घर बनाइ दिनुपऱ्यो भन्ने लागी उनले सात तले, सात ढोका तथा अनेक कोठाहरू भएको घर बनाइदिए भन्ने कुरा सम. पा. III पृ. १३०४ सेनासनक्खन्धकंमा; चुल्ल. व. पा. पृ. २५३: अनाथपिण्डिकवत्थु, सेनासनक्खन्धकंमा र बु. गृ.-१ पृ. ४१ मा उल्लेख भएका छन्। (चुल्ल. व. पा. पृ. २४९: अनाथ-

Downloaded from http://dhamma.digital

पिण्डिकवत्थु, सेनासनक्खन्धकको अनुवाद बु. गृ–१ पृ. ३०मा भएको छ ।)

# विहारदान

उपरोक्ताकारले विहार बनाउने काम सिद्धिएपछि भगवान् बुद्धलाई श्रावस्तीमा पाल्नुहुन अनाथपिण्डिकले राजगृहमा दूत पठाए । (जा. सं.–४ पृ. ८; बु. जी. पृ. ११०) दूतको कुरा सुनी भगवान् राजगृहबाट चारिका गर्दै क्रमशः श्रावस्तीमा आइपुग्नुभयो । सेठले विहारमा महोत्सवको तयार गरी भगवान् श्रावस्तीमा आइपुग्ने दिनमा आफ्नो छोरालाई सिंगारी ५०० कुमारहरूका साथ भगवान्को बाटो हेर्न पठाए । उनी पंचरंगी वस्त्र लगाई आफ्ना ५०० परिवारहरूका साथ हातमा झण्डा लिई भगवान्को अघिल्तिर बसे । त्यसको पछाडितिर महासुभद्रा र चूलसुभद्रा ५०० कुमारीहरूका साथ ५०० पूर्ण घडा लिएर बसे । त्यसको पछाडितिर अनाथपिण्डिककी भार्या सर्वालंकारले विभूषित भई पूर्ण–पात्र लिएका ५०० नारीहरूका साथ बसिन् । सबभन्दा पछिल्तिर चुनेको लुगा लगाएका अनाथपिण्डिक स्वयं चुनेका लुगा लगाएका ५०० साहुहरूका साथ बसे । यस यात्रामा प्रसेनजित् कोशल राजाकी ७ वर्षीया छोरी सुमना राजकुमारी पनि उनका ५०० परिवारहरूका साथ थिइन् । (अप. दा. अ. क. पृ. ८१–८२: निदानकथा; जा. अ. क.

Downloaded from http://dhamma.digital

I–II पृ. ७६: सन्तिके निदान; बु. म.–२ पृ. ६३; अं. अ. क. II पृ. ५९५: पञ्चकनिपातवण्णना, सुमनसुत्तवण्णना) भगवान् श्रावस्ती पुग्नेदिन अनाथपिण्डिक सेठ प्रसेनजित् कोशल राजाकहाँ गई "महाराज ! भगवान् बुद्ध आज श्रावस्तीमा आइपुग्दै हुनुहुन्छ । महाराज सहित हामी सबैको लागि यो अति शुभमंगलको कुरा हो । अतः बाटो हेर्न जान देवकी ७ **वर्षीया छोरी सुमना राजकुमारीलाई** उनका ५०० परिवारहरूका साथ पूर्ण घडा लिई पठाइदिनु भए बडो बेशहुने थियो" भनी प्रार्थना गरेका थिए । (बु. म–२ पृ. २४३–४४; अं अ. क. II पृ. ५९५ पञ्चकनिपातवण्णना, सुमनसुत्तवण्णना) भगवान् पनि आफ्नो बुद्धलीला प्रकट गरी पञ्चरश्मी प्रकाश पार्दै भिक्षु संघका साथ जेतवनाराम भित्र जानुभयो । (बु. म–२ पृ. ६४; अप. दा. अ. क. पृ. ८२: निदानकथा; जा. अ. क. I–II पृ. ७६: सन्तिके-निदान; चुल्ल. व. पा. पृ. २५८: जेतवन विहारानुमोदना, सेनासनक्खन्धकं ।)

अनि अनाथपिण्डिक सेठ भगवान् कहाँ गए । उनले अभिवादन गरी एकछेउमा बसी "भन्ते भगवान् ! भोलिको लागि भिक्षुहरू सहित भोजनको निम्तो स्वीकार्नु होस्" भनी प्रार्थना गरे । भगवान्ले स्वीकार गर्नुभयो । भगवान्ले निम्तो स्वीकार्नु भएको बुझी भगवान्लाई वन्दना गरी प्रद-क्षिणा गरी अनाथपिण्डिक फर्केर गए । (चुल्ल. व. पा. पृ. २५८–५९; बु. गृ–१ पृ. ४२)

Downloaded from http://dhamma.digital

७ तले र ७ वटा ढोका भएको आफ्नो घरमा गई (जा. अ. क. I-II पृ.१७०: खदिरंगार जातक, जा.नं. ४०) रातभरी भोलिको लागि खाद्य-भोज्य तयारपार्न लगाए। भोलिपल्ट, भोजनको समय भएपछि भगवान्लाई सूचना पठाए। भगवान् भिक्षुसंघ सहित पात्र–चीवर ग्रहणगरी अनाथपिण्डिकको घरमा गई बिछ्याइराखेको आसनमा बस्नुभयो। अनि अनाथपिण्डिकले स्वयं भगवान् सहित भिक्षुसंघलाई आफ्नै हातले प्रणीत खाद्य-भोज्य पस्की भोजन गराए। भोजन सिद्धिएपछि हात धोई पात्र एक छेउमा राखिसकेपछि अनाथपिण्डिक एक छेउमा बसे। एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिले भगवान्सँग "भन्ते भगवान् ! अब मैले यो जेतवनको बारे के गर्नु पर्ला ?" भनी सोध्दा "त्यसोभए, गृहपति ! तिमीले यो जेतवनमा आएनआएका चतुर्दिशाका संघलाई अर्पणगरि देऊ !" भनी तथागतले भन्नुभयो। त्यसैले चुल्ल. व. पा. पृ. २१५: सेनासनक्खन्धकंमा यसो उल्लेख भएको हो–

**"तेनहि त्वं गहपति, जेतवनं आगतनागतस्स चातुद्दिसस्स संघस्स पतिट्ठपेहि।"**

"हवस् भन्ते !" भनी गृहपतिले त्यस्तै गरे।(चुल्ल. व. पा. पृ. २५९: सेनासनक्खन्धकं; बु. गृ–१ पृ ४३)

कसरी दान दिए भने– अनि गृहपतिले सुनको कलश हातमा लिई "आएनआएका चतुर्दिशाका संघलाई यो

Downloaded from http://dhamma.digital

जेतवन अर्पण गर्छु" भनी दशबलको हातमा पानी खन्याइ दिए । त्यसपछि भगवान्ले–

"सीतं उण्हं पटिहन्ति ततो वालमिगानि च ।
सिरिंसपे च मकसे सिसिरे चा' पि वुट्ठिये ॥"

आदि भनी ५ वटा गाथाद्वारा विहारदानको अनुमोदन गर्नु भई भिक्षुसंघका साथ वहाँ जेतवनमा फर्कनुभयो । अनुमोदन गर्नुभएका गाथाहरूको अर्थ–

"जाडो र गर्मीलाई हटाउँछ । क्रूर जानवरहरूबाट पनि बचाउँछ । सर्प, लामखुट्टे र शिशिरहावा तथा वर्षादबाट पनि बचाउँछ । हुरी बतास र गर्मीबाट पनि बचाउँछ । बस्नको लागि, ध्यान गर्नको लागि तथा विपश्यना बढाउनको लागि पनि सुखदायी हुन्छ ।"

"संघलाई विहार दान दिनु 'अग्रदान हो' भनी बुद्धद्वारा पनि वर्णित छ । त्यसैले आफ्नो हितलाई ध्यानमा राख्ने पण्डित पुरुषले रमणीय विहारहरू बनाई, त्यसमा बहुश्रुत धर्मधर भिक्षुहरू राखी उनीहरूको निमित्त अन्न-पान, वस्त्र तथा शयनासनको प्रबन्ध मिलाई ऋजु भएका संघलाई प्रसन्न चित्तले दान देउन् । संघले दाताहरूलाई दुःखबाट मुक्त हुने उपदेश दिन्छन् र जुन धर्म अवबोध गरी उनीहरू यसै जीवनमा अनास्रवी भई परिनिर्वाण हुन सक्छन् ।" (चुल्ल. व. पा. पृ. २५९: सेनासनक्खन्धकं; अप. दा. अ. क. पृ.

Downloaded from http://dhamma.digital

८२: निदानकथा; जा.अ.क. I–II पृ. ७६: सन्तिकेनिदान; बु. गृ –१ पृ. ४४) चुल्ल. व. पा. पृ. २५८: ज़ेतवनविहारानुमोदना, सेनासनक्खन्धकं यसको अनुवाद बु.गृ.–१ पृ. ४२मा भएको छ ।

त्यस जेतवन दानदिएको बेलामा त्यहाँ **अनाथपिण्डिकका भाइ सुभूति** पनि उनीसंगै बसी धर्मोपदेश सुनिरहेका थिए । धर्मश्रवण गर्दा गर्दै उनको मनमा श्रद्धा उत्पन्न भएकाले प्रव्रजित हुने इच्छा भई प्रव्रजित भए । पछि मैत्री भावनालाई आधार बनाई विपश्यना ध्यान गरी अरहत् भए । (थेर. गा. पा. पृ. २३४: सुभूतित्थेरगाथा; थेर. गा. अ. क. I पृ. ३३: सुभूतित्थेरगाथावण्णना; अं. नि. अ. क. *I* पृ. १२५: सुभूतिकथा; अप. दा. अ. क. पृ. २८८. सुभूति थेरापदानं ।)

भगवान् जन्मिनुभन्दा अगाडि नै श्रावस्तीमा उदिच्च ब्राह्मण कुलमा एक ब्राह्मण जन्मेका थिए । उनी त्रिवेद पारंगत मात्र होइनन् तर्कशास्त्र पनि पढेका थिए । त्यसताका उनीसंग तर्कगर्न सक्ने कुनै थिएनन् । अनि बुढेस कालमा उनी श्रावस्तीमै बसेका थिए । अनाथपिण्डिक सेठले भगवान्लाई ज़ेतवन प्रदान गरेको समयमा यिनले पनि वहाँको धर्मोपदेश सुनिरहेका थिए । अनि वहाँको उपदेश सुन्दासुन्दै यिनको मनमा श्रद्धा उत्पन्न भएकाले प्रव्रजित हुने इच्छा भई भगवान्कहाँ गई प्रव्रज्यात्व मागे । भगवान्ले कुनै एक

Downloaded from http://dhamma.digital

भिक्षुलाई भनी उनलाई प्रव्रजित गराउनुभयो । केश काट्दा काट्दै (खुरग्गेयेव) उनी अरहत् भए। (थे. गा. पा. पृ. ३२५: अपरगोतमत्थेरगाथा; थेर. गा. अ. क. II पृ. २४४: (अपर) गोतमत्थेरगाथावण्णना ।)

## हजारौं भिक्षुहरू

९ महीनासम्म विहार महोत्सव गर्दा त्यहाँ भिक्षु, भिक्षुणी, उपासक र उपासिका सहित ४ परिषद्लाई जे मन पर्छ त्यसलाई त्यस्तै खानाको ब्यवस्था मिलाइएको थियो । विहारमहोत्सवको लागि मात्र १८ कोटी धन खर्च गरे । विहारको सम्पूर्णकार्य सिद्धिदा अनाथपिण्डकको जम्मा चउन्न (५४) कोटी धन खर्च भयो भनी, मनो. र. पू. *I* पृ. २०८: सुदत्तगहपति कथामा उल्लेख भएको छ ।

कसैले विहारमहोत्सव ५ महीनासम्म गरेकाथिए भन्छन् भने कसैले ३ महीनासम्म भनी भन्दछन् । ३ महीना भन्नेमा चाहिं कुनै आचार्यको मत-भेद छैन भनी मनो. र. पू. *I* पृ.२०८मा उल्लेख भएको छ । अनाथपिण्डकको घरमा निम्न प्रकारले नित्य भोजनको प्रबन्ध गरिएको थियो ।

तिनको घरमा दिनदिनै दुइहजार (२०००) भिक्षुहरू भोजनार्थ जान्छन् भनी धम्म. प. अ. क. पृ. ९४: सुमनादेवीवत्थु, यमकवग्गो र पृ. २०९: विडूडभवत्थु, पुप्फवग्गमा तथा नेवारी धम्म. प. अ. क.–१पृ. २०९ मा उल्लेख भएका

Downloaded from http://dhamma.digital

छन् । बु. म.–१ पृ. ७९ मा भूलले अढाइहजार भनी उल्लेख भएको छ । तर त्यो दुइहजार (२०००) मात्र हो ।

सुमं. वि. II पृ. १२: कूटदन्तसुत्तवण्णनामा, जा. अ. क. I–II पृ. १७०: खदिरंगार जातक, जा. नं. ४० मा तथा जा. अ. क. III पृ. ९८: केसवजातक, जा. नं. ३४६मा ५०० मात्र नित्य भोजन दिइन्छन् भनी उल्लेख भएकाछन् ।

अनाथपिण्डिकको घरमा दिनदिनै भिक्षुहरूको घुइँचो देखिन्छ । काषाय बातावरणले भरिएको हुन्छ । (जा. अ. क. III पृ. ९८: केसवजातकं, जा. नं. ३४६)

मनो. र. पू. I पृ. २०८: सुदत्त गृहपतिको कथामा तिनको घरमा के के, कस्तो कस्तो र कति कति जनालाई दान दिन्छन् भन्ने कुरा विस्तृतरूपले यसरी उल्लेख भएको छ ।

(१) प्रत्येक दिन ५०० सलाक भोजन दिइन्छ । सलाक भनेको आजकलको भाषामा भन्ने हो भने प्रवेशपत्र वा टिकट भन्न सकिन्छ ।

(२) ५०० पाक्षिक सलाक भोजन दिइन्छ ।

(३) ५०० सलाक युवागू (= खोले, खिचरी) दिइन्छ ।

(४) ५०० पाक्षिक युवागू दिइन्छ ।

(५) ५०० नित्यभोजन दिइन्छ । (पञ्चधुरभत्तसतानि)

Downloaded from http://dhamma.digital

(६) ५०० आगन्तुक भोजन दिइन्छ ।

(७) ५०० गमिक भोजन दिइन्छ । 'गमिक भोजन' भनेको कहीं यात्रामा जान लागेका लागि दिने भोजनको नाम हो ।

(८) ५०० गिलान भोजन दिइन्छ । बिसञ्च भएकालाई दिने भोजनलाई **'गिलान भोजन'** भन्दछन् ।

(९) ५०० गिलानुपट्ठाक भोजन दिइन्छ । रोगीलाई सेवा टहलगर्नेलाई दिने भोजनलाई **'गिलानुपट्ठाक भोजन'** भन्दछन् ।

(१०) ५०० आसनहरू संधै बिच्छयाइ राखेका हुन्छन् ।

अनाथपिण्डिकको घर चारैतिरबाट आएर नुहाउने पोखरी जस्तो हो भनी जा. अ. क. I-II पृ. १७०: खदिरंगारजातक, जा.नं.४० मा उल्लेख भएको छ । पुरुषहरू मध्ये अनाथपिण्डिकले जस्तो धन खर्च गर्ने व्यक्ति बुद्धशासनको निमित्त अरू कोही छैनन् भने स्त्रीहरूमध्ये विशाखा जस्ती स्त्री अरू कोही छैनन् । (पपं. सू. *II* पृ. १३७: पासरासिसुत्तवण्णना)

## अचलचैत्यस्थान

जेतवनारामलाई 'अचल चैत्यस्थान' भनिन्छन् । किन भने यो ठाउँ विपश्वी भगवान्को पालादेखि केन्द्रस्थान हुँदै

Downloaded from http://dhamma.digital

आएको हो । यस्ता अचलस्थान चारवटा (४) छन्–(१) महाबोधिमण्डप, (२) ऋषिपतन मृगदावन, (३) संकस्स नगरद्वार । जहां देवारोहनको समयमा भऱ्यांग बसेको थियो तथा (४) मञ्चपादस्थान अर्थात् जेतवन भित्रको भगवान् बस्ने गन्धकुटी । (पपं. सू. II पृ. १३८: पासरासिसुत्तवण्णना)

## अग्रस्थान

पछि एकदिन भगवान् जेतवनमै बसिरहनु भएको वेलामा उपासकहरूको क्रियाकलाप अनुसार उनीहरूलाई अग्रस्थान दिने क्रममा अनाथपिण्डिकलाई पनि दाताहरूमध्ये अनाथपिण्डिक गृहपति सर्वश्रेष्ठ छन् भनी **'अग्रस्थान'** को घोषणा गर्नुभएको थियो । (अं. नि. पा. I पृ. २६: एतदग्गवग्गो; बु. गृ. पृ. ११३–११४; बु. जी. पृ. १३१)

## उपोसथव्रत

अनाथपिण्डिक सेठले स्रोतापत्तिफल प्राप्त गरेपछि उनले **अखण्डरूपले पञ्चशील शुद्धरूपले पालनगरे** । उनकी भार्या, छोरा छोरी घरका दासदासी सबैले पञ्चशील पालन गरे । ज्यालादारीले पनि पालन गरे । अनि एकदिन भिक्षुहरूको बीचमा "अहो ! अनाथपिण्डिक सेठ! आफू पनि शुद्ध भई शुद्ध भएका परिवारहरूका बीच बस्दैछन्" भन्ने चर्चा भयो । त्यसबखत भगवान् त्यहाँ आइपुग्नु भयो र "के कुरा

Downloaded from http://dhamma.digital

गरिरहेका छौ ?" भनी सोध्नु हुँदा "यो यो" भनी भन्दा "भिक्षुहो ! अहिले मात्र होइन अघिका पण्डितहरूले पनि यस्तै जीवन बिताएका थिए" भनी सिरिकालकण्णि जातकका कुरा सुनाउनु भयो । (जा. अ. क. III पृ. १८०: सिरिकालकण्णि जातकं, जा. नं. ३८२)

अनाथपिण्डिकको घरमा उपोसथको दिनमा अपराह्ण पछि कसैले पनि केही खानेकुरा खाँदैनन् । अरू त के दुधे बालकहरूलाई पनि मुख पखाल्न लगाई अपराह्णपछि चतुमधु मुखमा राखी अनाथपिण्डिकले उपोसथशील पालन गरी शरीरको ३२ खण्डको अनुस्मरणगरी कायानुस्मृति भावना गर्छन् ।

एकदिनको कुरा हो । उनको घर र खेतमा कामगर्ने एक गरीब ज्यालादारी ज्यामी थियो । एक उपोसथको दिनमा उ खेतमा कामगरी संध्यासमयमा फर्की भान्छाघर तिर जाँदा त्यहाँ उसले अघि अघि जस्तो कुनै मानिस देखेन । अनि उसले भान्छेसंग सोध्दा उपोसथको दिनमा कुनै खाना पकाइँदैन भनी भन्यो । तिमीलाई आज उपोसथदिन हो भनी भन्न बिर्सियो ।

ज्यामीले भान्छेसंग सोध्यो "अहिले पनि उपोसथशील पालन गर्न सकिन्छ कि सकिन्न ?" "यो कुरा त साहुसँग सोधेर मात्र भन्न सकिन्छ ।" "त्यसोभए साहुसँग सोधी देऊ" भनी ज्यामीले भनेपछि भान्छेले साहुसँग सोध्यो । साहुले

Downloaded from http://dhamma.digital

'व्रत बस्न सकिन्छ, तर अर्धउपोसथको फल मात्र पाउने छ" भनी भने । उसले "अर्धउपोसथ भए पनि पालन गर्नेछु" भनी भन्यो । भइहाल्यो तिम्रो निमित्त खाना पकाएको छ । खाना खाऊ भन्दा पनि खाना नखाई मुख कुल्लागरी उपोसथशील समादान गरी उसले उपोसथ व्रत पालन गऱ्यो ।

दिनभरी खेतमा कामगरी आएको हुँदा उसको खाली पेटमा बायु घुस्यो र अति असह्य वेदनाले उ पीडित भयो । बेस्करी पटुका बाँधी उ छट्पटाइ बसिरह्यो । यो कुरा सेठले सुनेपछि चिराक समात्न लगाई उसकहाँ गई "के भयो ?" भनी सोध्दा उसले पेटमा बायु घुस्यो भनी भन्यो । "त्यसोभए यो चतुमधु औषधी खाऊ" भनी भन्दा उसले "तपाइँ पनि खानुहोस्" भनी भन्यो । साहुले "हामीलाई केही भएको छैन" भनी भन्दा "त्यसोभए म पनि खान्न" भनी भन्यो । पूर्ण उपोसथ वृत पालन गर्न सकिन । अब यो अर्धउपोसथमा पनि कुनै त्रुटी हुने कामगर्न चाहन्न भनी चतुमधु खाँदै खाएन । "यसो नगर" भन्दा पनि मान्दै मानेन र भोर हुँदा हुँदै फूल ओइलाए जस्तै गरी मृत्युभई उ एक बरको रुखमा देवता भई उत्पन्न भयो । (धम्म. प. अ. क. पृ. १२८–२९: उदेनवत्थु, अप्पमाद वग्ग–२; सुमं. वि. II. पृ. २९: जालियसुत्तवण्णना; मनो. र. पू. I. पृ. २३४: खुज्जुत्तराकथा; पपं. सू. II. पृ. ३२५: कोसम्बकसुत्तवण्णना; बु. गृ–२ पृ. २२९–३०)

Downloaded from http://dhamma.digital

अनाथपिण्डिकको अर्को एकजना दास थियो। उसको नाम **दासक** थियो। सेठले उसलाई विहार हेरविचार गर्ने काममा राखेका थिए। दिनदिनै भगवान्को दर्शनगरी धर्मोपदेश सुन्दा उसको मनमा श्रद्धा उत्पन्न भयो। पछि सेठबाट स्वतन्त्रता र प्रव्रज्या हुने बचन लिई उ प्रव्रजित भयो। प्रव्रजित भएपछि उ अल्छी भयो किन्तु पछि अर्हत्व प्राप्त भयो। (थेर. गा. अ. क. I. पृ.६८: दासकत्थेरगाथट्ठकथा।)

## बुद्ध उपस्थान

त्रिरत्न प्रति बाहेक अन्त कतै अनाथपिण्डिकको श्रद्धा जाँदैनथ्यो। त्रिरत्न बाहेक उनले कतै शरण लिंदैनथे। शास्ता जेतवनमा बस्ने बेलामा उनी दिनको तीनपटकसम्म पनि उपस्थानको निमित्त जान्थे। बिहान सबेरै एकपल्ट, बिहानको भोजन सिद्धिएपछि अर्कोपटक र संध्या समयमा पुन: एकपटक जान्थे। यसको अलावा अरू अरू बेलामा पनि जान्थे। "म जाँदा तन्नेरी र स्याना स्याना श्रामणेरहरूले के ल्याएका रहेछन् भनी मेरो हातमा हेर्न सक्छन्" भन्ने ठानी कहिल्यै पनि खाली हातले विहारमा जाँदैनथे। बिहानै बिहानै जाँदा युवागू (= खोले वा खिचडी) लिन लगाई जान्थे। भोजनपछि जाँदा घिऊ, सखर आदि चतुमधु लिन लगाई जान्थे। संध्या समयमा जाँदा फूलमाला धूपबत्ती वस्त्रहरू लिन लगाई जान्थे। यसरी दिनदिनै परित्याग

Downloaded from http://dhamma.digital

गर्नेको सिमाना छैन । यदि केही नभएमा **बालुवा भए पनि लिन लगाई** विहारको प्रांगणमा छर्न लगाउँदथे । यस्तो उनको श्रद्धा थियो । (जा. अ. क. I–II पृ. १७०: खदिरंगार जातक; जा. नं. ४०; पपं. सू. IV पृ. २०४–०५: अनाथ-पिण्डिकोवादसुत्तवण्णना; बु. गृ.–१ पृ. २८–२९)

कौशाम्बीको झगडाले गर्दा जब भगवान् पारिलेय्य वनमा ३ महीनासम्म बसिरहनु भएको थियो तब अनाथ-पिण्डिक र विशाखा उपासिकाहरूले हामीलाई भगवान्को दर्शन गराइ दिनुहोस् भनी समाचार पठाएका कुरा धम्म. अ. क. पृ. ८५ मा उल्लेख भएको छ । (नेवारी धम्म. प. अ. क– पृ. ८८)

भगवान् श्रावस्तीमा जानुभएको खवर सुनी ती झगडालु कौशाम्बिक भिक्षुहरू श्रावस्तीमा जाँदा अनाथपिण्डि-कले उनीहरूलाई विहारमा बस्न दिने छैन भनी भने ।(धम्म. प. अ. क. पृ. ३८; नेवारी धम्म. प. अ. क.–१ पृ. ९०)

## गरीब भए

उनले साहु महाजनहरूलाई पत्र लेखाई १८ कोटी धन ऋण दिएका थिए । तर त्यो ऋण तिरेवा तिरेनन् भन्ने कुराको उनले वास्ता गरेका थिएनन् । उनको कुलको अरू १८ कोटी धन नदीको किनारमा राखेको थियो । त्यो नदीको

Downloaded from http://dhamma.digital

धन बाढीले बगाई समुद्रमा पुऱ्यायो । छाप लगाएका ती फलामका घडाहरू समुद्रमा यता उता पुगेका थिए । उनको घरमा पाँचसय (५००) भिक्षुहरूको निमित्त नित्य भोजन चल्दै थियो । उनको घरमा नजाने कोही पनि थिएनन् । बुद्ध पनि असीतिमहाश्रावकहरू पनि जान्छन् । आउने जाने-हरूको गिन्ती छैन । उनको घरमा सात तला (७) र सात दैलाहरू थिए भनी माथि पनि उल्लेख भइसकेकै छ ।

यी सात दैलाहरू मध्ये चौथो दैलोको सिरानमा एक मिथ्यादृष्टिक देवीको बास थियो । त्यस दैलोबाट भगवान् सहित श्रावकहरू आउने जाने गर्दा दैलोमाथि यिनी वस्न सक्दैनथिन् । अनि घरिघरि आफ्ना बालबच्चाहरू लिई भुइमा ओर्ल्हीं बस्दथिन् । यसले गर्दा उनलाई कष्ट हुन्थ्यो । अनि सो देवीले सोच्न थालिन् कि बुद्ध सहित श्रावकहरू यहाँ आउञ्जेलसम्म मलाई सुख हुने छैन । अतः कुनै उपाय-द्वारा उनीहरू यहाँ न आउने गर्नु पऱ्यो ।

यति सोची एकदिन सेठका मुख्य मैनेजर कहाँ गई आलोक फैलाई ती देवी बसिन् । "यो को हो ?" भनीभन्दा उनले "म चौथो द्वारमा बस्ने देवी हुँ" भनी भनिन् । "किन यहाँ आएकी ?" "तपाइँले सेठको काम देख्नु हुन्न ? आफ्नो भविष्यको केही वास्ता नगरी धन खर्च गरी श्रमणगौतमको लागि मात्र खर्च गर्छन् । आफ्नो काम–धाम ब्यापार तथा उद्योगको वास्ता राख्दैनन् । तपाइँले सेठलाई त्यस्तो भन्नु-

Downloaded from http://dhamma.digital

होस् ताकि उनले आफ्नो ब्यवसाय काम–धाम गरुन र श्रमण गौतम सहित उनका श्रावकहरू यहाँ नआउन् ।"

अनि उनले देवीलाई भने– "हे मूर्खा देवी सेठले आफ्नो धन नैर्याणिक बुद्धशासनमा खर्च गर्दैछन् । यदि मैले त्यसो भनें भने मेरो चुल्ठो समाती सेठले मलाई बेच्न सक्छन् । म यस्तो कुरा भन्न सक्दैन । जाऊ, तिमी !"

फेरि एकदिन उनले सेठको जेठो छोराकहाँ गई यस्तै भनिन् । उनले पनि उनलाई हप्काई पठाए । सेठकहाँ गई भन्न भने उनमा हिम्मत थिएन ।

यस्तै गरी दानमात्र दिई काम–धाम नगरी बस्दा क्रमशः सेठको धन घट्दै गई उनी गरीब भए ! अघि जस्तो नयाँ नयाँ लुगाफाटाहरू पनि लगाउन सकेनन् र पुरानो मात्र लगाउन पर्‍यो । तैपनि उनले दानदिने काम छाडेका होइ-नन् । दान दिएता पनि अघि जस्तो प्रणीतरूपले चाहिं दिन सकेनन् ।

एकदिन वन्दनागरी भगवान्‌कहाँ बसिरहेका उनीसंग भगवान्‌ले "गृहपति ! तिम्रो कुलमा दान दिंदै छन् के ?" भनी सोध्नु हुँदा उनले "दिन त दिंदैछन् तर ती कनिकाका भात र खोले आदि मात्र" भनी भने । अनि भगवान्‌ले "गृहपति ! कनिकाको भात र खोले भनी मन बिगार्नु पर्ने कुनै कारण छैन । दान भनेको बढीया वस्तु वा कमसल वस्तु भए पनि यदि चित्त ठूलो छ र चित्त प्रसन्न छ भने–

Downloaded from http://dhamma.digital

बुद्ध प्रत्येकबुद्धहरूलाई दिएको दानको फल महान नै हुन्छ। दान वस्तु कमसल छन् भने पनि फल कमसल हुँदैन" भनी भन्नुभयो। चित्त प्रसन्न राख्न सकेमा तथा राम्रो श्रद्धा राखुञ्जेलसम्म दानको फल कमसल हुँदैन भनी निम्न गाथा सुनाउनुभयो–

"नत्थि चित्ते पसन्नम्हि अप्पिका नाम दक्खिणा,
तथागते वा सम्बुद्धे अथवा तस्स सावके ॥"

अर्थ–

"तथागत सम्यक्सम्बुद्ध अथवा उनका श्रावकहरू माथि चित्त प्रसन्न रहुञ्जेलसम्म दानको फल कम हुँदैन।..." यसै प्रसंगमा वहाँले जा. अ. क. III पृ. ८९ मा उल्लिखित विसय्ह जातकको कुरा पनि बताउनु भएको थियो। जा. नं. ३४०; (बु. श्रावि. च.–१ पृ. ६९३)

अघि म वेलाम ब्राह्मण छँदा नदीको पानी जस्तै गरी बगाई दान दिएको थिएँ। तर त्यसबखत पञ्चशील मात्र पालन गर्ने दक्षिणेय्य पनि थिएनन्। अतः दक्षिणेय्य पात्र पाउन दुर्लभ छ। अतः कमसल खालको दान दिएँ भनी चित्त खिन्न पार्नु पर्ने कुनै कारण छैन भनी वेलामसूत्रको कुरा सुनाउनु भयो। (यो सूत्रको अनुवाद बु. गृ.–१ पृ. १९२ मा उल्लेख भएको छ।)

अनाथपिण्डिक गरीव हुँदै गएको देखी देवीले सोचिन्

Downloaded from http://dhamma.digital

अब त मेरो कुरा सुन्छन् होला भन्ने ठानी एकदिन आधा-रातको समयमा उनको कोठामा गई प्रकाश फैलाई आकाशमा उभिइरहिन् । सेठले देखेर "यो को हो ?" भनी सोध्दा उनले "महासेठ ! म तपाइँको घरको चौथो दैलोमाथि बस्ने देवी हुँ" भनी भनिन् । "किन यहाँ आएकी हौ त ?" भनी सोध्दा देवीले "तपाइँलाई केही कुरा भन्न आएकी हुँ" भनी भनेपछि सेठले "के कुरा हो, भन" भनी भने । "महासेठ ! तपाइँले भबिष्यको केही वास्ता नराखी सधैं बुद्धकहाँ गई धेरै धन खर्च गरी दान दिनुहुन्छ । काम-धाम नगरी दान मात्र दिंदा दिंदै गरीब पनि भइसक्नुभयो । अब दानदिने काम नगरी बुद्धका श्रावकहरूलाई पनि यहाँ आउन नदिनुहोस् श्रमण गौतम कहाँ पनि नजानुहोस् । आफ्नो काम काज गरी कुटुम्बहरूको हेर बिचार गर्नुहोस्" भनी भनिन् । "यही भन्न आइकी हौ?" "हो, यही भन्न आइकी हुँ" "तिमी जस्ता हजारौं देवी देवताहरू आएर भनेता पनि बुद्धमाथि भएको मेरो श्रद्धा सुमेरु पर्वत जस्तै अचल छ । बुद्धशासनलाई दिएको दानलाई अयोग्य भनी बुद्धशासनलाई प्रहारगर्ने तिमी जस्ती अलच्छिनी देवी मेरो घरमा बस्नुपर्दैन, तुरन्त यहाँबाट निस्क !" भनी तर्जन गरे ।

स्रोतापन्न भएका जस्ताले गरेको तर्जनलाई थाम्न नसकी. डराई हत्तरपत्त आफ्नो ठाउँमा गई आफ्ना बाल-बच्चाहरू लिई उनी त्यहाँबाट निस्किन् । निस्केर पनि कहीं बस्ने ठाउँ नपाई "सेठसंग क्षमामागी पुनः उहीं बस्ने

Downloaded from http://dhamma.digital

विचारगरी" उनी नगरारक्षक देवताकहाँ गई सबै कुरा सुनाई "तपाइँले मलाई सेठकहाँ लगी मलाई क्षमा दिलाइ दिनुहोस्" भनी भनिन् । "तिमीले बुद्धशासनलाई प्रहार गऱ्यौ । तिमीलाई लिएर म सेठकहाँ जान सक्दिन" भनी उनले भने । त्यसपछि उनी चातुर्महाराजिक देवताकहाँ गइन् । उनले पनि त्यसै भने। अनि अन्तमा उनी शक्र देवेन्द्र (= इन्द्र) कहाँ गइन् । उनले पनि त्यसै भने । पछि उनले उनलाई एउटा उपाय भने बताउन सक्छु भनी भने । त्यो हो– "तिमी अनाथपिण्डिकको दूतको भेष लिई मसी कलम र कागजपत्र लिई आफ्नो प्रभाव देखाई सेठसंग ऋण लिएको मानिसको घरमा गई 'अघि सेठ धनी छँदा तिमीलाई केही भनेनन् । अब सेठ गरीब भए । अतः उनीसंग लिएको पैसा देऊ' भनी १८ कोटी धन असुल गरी सेठको ढुकुटीमा राखिदेऊ । त्यसैगरी समुद्रमा बगाइलगेका घडाहरू पनि ल्याई उनको ढुकुटीमा राखिदेऊ । अमुक स्थानमा कुनै मालिक नभएको १८ कोटी धन छ त्यो पनि लगी सेठको ढुकुटीमा राखिदेऊ" यो तिम्रो दण्डकर्म हुनेछ । पछि उनले त्यसै गरिन् ।

एकदिन उनी आधारातमा सेठको कोठामा गई प्रकाश फैलाई उभिइ रहिन् । "यो कोहो ?" भनी सेठले भन्दा "म उही तपाइँको घरको चौथो द्वारमा बस्ने मूर्ख अज्ञानी देवी हुँ । अघि महाअन्धकारमा परी, मोहित भई बुद्धको गुण नजानी अघिल्लो दिनमा जे जति भनें त्यसको लागि मलाई क्षमा दिनुहोस् । शक्रदेवेन्द्र (= इन्द्र) को

Downloaded from http://dhamma.digital

अर्ति अनुसार मैले दण्डकर्मको रूपमा तपाईंको ढुकुटीमा **चउन्न (५४) कोटी** धन राखिदिएकी छु । कतै बास पाउन नसकी सारै दु:ख भोगी रहेकी छु । अज्ञानताले गर्दा जे जति कुरा मैले गरें ती सबै कृपापूर्वक क्षमा दिनुहोस्" भनी प्रार्थना गरिन् ।

उनको कुरा सुनी अनाथपिण्डिक साहुले विचार गरे– "यिनले दण्डकर्म पनि गरें भन्छिन्, आफ्नो दोष पनि स्वीकार्छिन्, यिनलाई बुद्धकहाँ लैजानु पऱ्यो ।" यति सोची सेठ भन्दछन्– "अम्मे देव ! यदि मसँग क्षमा लिन चाहन्छचौ भने शास्ताको अगाडि मसँग क्षमा माग ।" "हवस्, त्यसो भए मलाई शास्ताकहाँ लिएर जानुहोस्" भनी उनले भनिन्। अनि भोलिपल्ट बिहान सबेरै उनलाई भगवान्कहाँ लगी उनले भनेका सबै कुरा भगवान्लाई बिन्ती गरे । "गृहपति! यहाँ मानिसहरू पापको फल नपाकुञ्जेल पापलाई मिठो सम्झिरहन्छन्" भनी धम्मपदको **'पापो' पि पस्सति भद्रं याव पापं न पच्चति'** भन्ने गाथा सुनाउनु भयो । (यो गाथा धम्मपदको गा. नं. ११९ मा उल्लेख भएको छ ।)

यो गाथाको उपदेश सुनिसकेपछि ती देवपुत्री **स्रोतापन्न भइन् ।** "भन्ते ! मैले तपाईंको गुण नजानी जुन दुर्वचन अघि प्रयोग गरेको थिएँ, त्यसको लागि मलाई क्षमा गर्नुहोस्" भनी सेठसँग पनि क्षमा मागिन् । (जा. अ. क. I–II पृ. १७०–७४: खदिरंगार जातकं, जा. नं. ४०)

Downloaded from http://dhamma.digital

अनाथपिण्डक गरीब भएको बेलामा उनको घरमा बस्ने एउटी केटीले अघि जस्तो एक सलाक दान पनि दिन नसकी उ त्यहाँबाट **सेतवाहन वा सेतवासान** भन्ने देशमा गई त्यहाँ ढिकी जाँतो गरी जीविका गर्न थाली। ढिकी वरिपरि उछिट्टिएका धानका गेडा बटुली त्यसवाट एक सलाकदान भिक्षुलाई दिन थाली। एकदिन एक स्थविरले यो कुरा कोशल राजालाई सुनाए। खुशीभएका राजाले सो केटीलाई ल्याई अग्रमहिषी बनाई राखे। (सुमं. वि. II. पृ. १२: कूटदन्त सुत्तवण्णना; बु. ब्र.–२. पृ. १४५)

अनाथपिण्डकको एक भाञ्जा थिए। उनको नाम **खेम** (=क्षेम) थियो। उनी सारै राम्रा थिए। उनको रूपमा आकर्षित भई आइमाईहरू उनको पछि पछि लाग्दथे। उनी अनाचारमा व्यस्त थिए। समातेर राजाकहाँ लैजाँदा अनाथपिण्डकको मुखले गर्दा उनलाई छाडिदिन्थे।

पछि सेठले आफ्नो भाञ्जा **खेमलाई** भगवान्कहाँ लगी उनले गरिरहेको कुरा सबै भगवान्लाई सुनाए। भगवान्ले उनलाई बडो मैत्रीपूर्वक उपदेश दिनुभयो। उपदेश सुनेर उनी स्रोतापन्न भए। (जा. अ. क. I–II पृ. ६६२: भद्रघट जातकं, जा. नं. २९१; धम्म. प. अ. क. पृ. ७१३: खेमसेट्ठीपुत्तवत्थु, निरयवग्गो; बु. ब्र.–१. पृ. १६६)

## सेठको कुखुरो

सेठको यशकीर्ति फेरि पहिलेकै जस्तै भएर आयो। पहिलेकै जस्तै धनी पनि भए। यो घटना देखेर श्रावस्तीवासी

Downloaded from http://dhamma.digital

**सिरिलक्खण** (=श्रीलक्षण) भन्ने ब्राह्मणले यस्तो सोचे– "उनको घरमा **शंख जस्तो सेतो एउटा कुखुरो** छ । उसलाई सुनको पिंजरामा राखेका छन् । उसको टाउकोमा **'श्री'** भन्ने लक्षण छ । यसैको कारणले यी सेठ संधै धनी भएका हुन् । उनको घरमा गई झूटो कुरागरी त्यो कुखुरो मागेर वा चोरेर ल्याउन पर्‍यो ।" यति सोची उनी सेठको घरमा गए । सेठले उनको स्वागतगरी "ब्राह्मण ! किन आउनु भएको ?" भनी सोध्दा ब्राह्मण भन्दछन्– "महासेठ! हामी पाँचशय (५००) जति ब्राह्मणहरू मन्त्र पढ्छौं । तर मेरो घरमा अकालरावो अर्थात् कुबेलामा बास्ने कुखुरोले गर्दा हामीलाई बिघ्न भएको छ । तपाइँकहाँ एक **सेतो कुखुरो** छ भन्ने सुन्दछु । अतः त्यही माग्न आएको हुँ" भनी भने ।

साहुले "हुन्छ, लै जानुहोस्" भनी भने । यति भन्ने बित्तिकै कुखुरोको टाउकोमाथिको **'श्री'** सिह्लानमा राखेको मणिस्कन्धमा बस्न गयो । ब्राह्मणले कुखुरोको टाउकोबाट **'श्री'** सिह्लानको मणिस्कन्धमा गएको थाहा पाई त्यो मणि-स्कन्ध मागे । सेठले "हुन्छ लैजानुहोस्" भने । यति भन्ने बित्तिकै **'श्री'** आरक्षा गर्ने लट्ठीमा गई बस्यो । ब्राह्मणले थाहा पाई त्यो पनि मागे । सेठले "हुन्छ" भनी भन्ने बित्तिकै **'श्री'** अनाथपिण्डिककी पत्नी **पुण्यलक्षणदेवीको शीरमा गई बस्यो** । ब्राह्मणले थाहा पाई आफूले मनमा कुविचार राखेर आएको कुरा सबै सेठलाई बताई "भइहाल्यो, यो तपाइँको **'श्री'** कसैले पाउनसक्ने र कसैलाई दिनसकिने होइन रहेछ ।

Downloaded from http://dhamma.digital

तपाइँको'श्री' तपाइँकै होस्" भनी सिरिलक्खण ब्राह्मण फर्केर गए। (जा. अ. क. I–II. पृ. ६४९: सिरिजातकं, जा. नं. २८४)

# दासीहरू

अनाथपिण्डिककी एउटी दासी थिई। एकदिन अरू दासीहरूसँग एक मनोरञ्जनमा (= पिक्निकमा) जान उसले साहुनीसँग लुगा र गहना मागी। साहुनीले एक लाख मूल्य जाने गहना र वस्त्र दिइन्। अनि ती गहना वस्त्र लगाई साथीहरूसँग बनमा गई। त्यसवखत एक चोरले उसको गहनामा आँखा गाडी "उसलाई मारी उसको गहना लिन पर्‍यो" भन्ने सोची उसको पछि पछि लागी उसलाई माछा-मासु र रक्सी दियो। अनि एक ठाउँमा बिश्राम गरिरहेको बेलामा सो चोर आई उसलाई "यहाँ रुखको छाया पनि छैन खुला छ अलि पर जाऔं" भनी उसलाई लग्यो।

उसले पनि उसको चाल ढाल देखेर थाहापाई कि यसले मेरो गहना ताक्दैछ। अनि उसले पनि सोची कि यस-लाई के गर्नुपर्छ यो मलाई पनि थाहा छ भनी "माछामासु र रक्सी खाएकोले मेरो मुख सुक्यो। मलाई पानी पियाउँ" भनी दुबै जना एक कुँवा भएको ठाउँमा गए। त्यहाँ पानी झिक्ने भाँडा र डोरी पनि थिए। अनि चोरले पानी तान्न

Downloaded from http://dhamma.digital

निहुरिरहेको बेलामा उसलाई घचेटी कुँवामा खसालि दिई । यतिले यो मर्नेछैन भन्ने सोची उसको टाउकोमा ढुङ्गाले हानी । उसको ज्यान उहीं गयो । उसले उक्त घटनाका कुरा सबै साहुनीलाई सुनाई । साहुनीले दासीले गरेको कुरा सबै साहुलाई सुनाइन् । भोलिपल्ट विहारमा गएपछि साहुले सबै कुरा भगवान्‌लाई सुनाए । यही कुराको प्रसंगमा वहाँले सुलसा जातकको कुरा उपस्थित सबैलाई सुनाउनुभयो । (जा. अ. क III. पृ. ३०८: सुलसा जातकं, जा. नं. ४१९)

अनाथपिण्डककी **पूर्णा भन्ने दासी थिई** । एक समय भगवान् वर्षावास नजिक आएपछि भिक्षुहरूका साथ चारिका गर्न ज़ेतवनबाट निस्कनुभयो । कोशल राजा तथा अनाथ-पिण्डिक सेठहरू आई भगवान्‌लाई रोक्न खोज्दा पनि रोक्न सकेनन् । अनि अँध्यारो मुखगरी अनाथपिण्डिक साहु घरमा बसिरहेको देखेर **पूर्णा** दासीले "मालिक ! किन अँध्यारो मुखपारी बसिरहनु भएको" भनी सोध्दा सेठले "हे पूर्णे ! वर्षाबास अगाडि आइरहेको बेलामा भगवान् चारिकार्थ ज़ेतवनबाट वाहिर निस्कनुभयो । फेरि कहीले फर्किनु हुन्छ थाहा छैन । यी तीन महीना दानपुण्य गरी धर्मश्रवण गर्न नपाइने भयो भनी मुख अँध्यारो भएको हो" भनी भने । अनि **पूर्णा दासीले** भन्छे– "यदि मैले भग-वान्‌लाई रोक्न सके भने तपाइँले मलाई के दिनुहुनेछ ?" "तिमीलाई दासत्वबाट मुक्त पारि दिनेछु" भनी सेठले भने ।

अनि हत्तरपत्त भगवान्‌कहाँ गई वन्दनागरी **पूर्णा दासीले**

Downloaded from http://dhamma.digital

भगवान्सँग प्रार्थना गरी "भन्ते भगवान् ! चारिकार्थ नजानुहोस्; यहीं बस्नुहोस् !" "म यहाँ बसे भने तिमीले मलाई के दिनेछ्यौ ?" "भन्ते भगवान् ! तपाइँलाई थाहा नै छ कि म एक गरीब पराधीनमा बसेकीछु । यदि तपाइँ यहाँ बस्नु भएमा त्रिशरण सहित पञ्चशील पालन गर्नेछु" भनी बिन्ती गरी । उसको एकै वचनमा भगवान्ले आफ्नो यात्रा स्थगित गर्नु भई सारिपुत्र र महामौद्गल्यायनहरूलाई त्यसदिशातिर पठाई भगवान् जेतवन भित्र पस्नुभयो । यो देखेर पूर्णा दासीलाई सबैले साधुकार दिए। अनाथपिण्डिकले पूर्णालाई दासित्वबाट मुक्त गरिदिए । पछि सेठको अनुमति प्राप्त गरी **पूर्णा** भिक्षुणी उपश्रयमा गई प्रव्रजित भई ।

थेरी. गा. अ. क. पृ. १५७ ले महासीहनाद सूत्रको कुरा सुनी उनी स्रोतापन्न भएकी थिइन् र पछि अरहत् भइन् भनी उल्लेख गरेको छ । (थेरी. गा. अ. क. पृ.१५७: पुण्णाथेरी गाथावण्णना; मनो. र. पू. II. पृ. ७१६: सत्तकनिपातवण्णना, महापञ्ञवग्गो; पपं. सू.*II*. पृ. ११३: रथविनीतसुत्त वण्णना; बु. गृ.–१ पृ. २६)

अनाथपिण्डिक सेठकी **रोहिणी भन्ने** एक अर्की दासीको कुरा पनि जा. अ. क. I-II पृ. १८५ मा उल्लेख भएको पाइन्छ । एकदिन यी **रोहिणी दासीले** धान कुटिरहेको ठाउँमा यिनकी आमा आई सुती । उसलाई झिंगाले सारै दुःखदियो । अनि उसले छोरीलाई भनी "छोरी ! मलाई

Downloaded from http://dhamma.digital

झिंगाले सारै दु:ख दियो ।" अनि **रोहिणीले** झिंगालाई मार्छु भनी झिंगा बसे बसेको ठाउँमा **ठोक्न थालीन्**। मुसलले ठोक्दा ठोक्दै रोहिणीकी आमाको ज्यान उहीं गयो । (जा. अ. क. I–II पृ. १८५: रोहिणी जातकं, जा. नं. ४५)

## साथीहरू

अनाथपिण्डिकको वालक समयदेखि एकसाथ खेलकूद तथा एकैसाथ एकै आचार्यकहाँ पढेका एक साथी थिए। उनको नाम **'कालकण्णि' (= कालकर्णी)**थियो। अर्थात् हाम्रो भाषामा अर्थ लगाउने हो भने 'अलच्छिना' भन्न सकिन्छ ।

समय वित्दै जाँदा उनी गरीव हुँदै गएकाले अनाथपिण्डिक सेठको घरमा आए । अनाथपिण्डिकले उनलाई खानपान दिई आफ्नै घरका एक जहान बराबर गरी राखे । घरका अरू मानिसहरूले उनलाई "आउनुहोस् कालकण्णि, वस्नुहोस् कालकण्णि" भनी अलि हेला जस्तो गरी व्यवहार गर्दथे ।

एकदिन सेठका अरू हितैषी साथीहरूले उनलाई "त्यस्तो कालकण्णि (=अलच्छिना) लाई पनि घरमा राख्ने र !" भनी भने । सेठले "नामले के गर्छ र ! मानिसको गुण पो हेर्नुपर्छ । नाम **अलच्छिना** हुँदैमा के हुन्छ र ? यो त अुतमांगलिकहरूको लागि मात्र हो । उनी मेरा सहपाठी तथा वालक समयदेखि एकै साथ खेलकूद गरेका साथी हुन् । यति

Downloaded from http://dhamma.digital

मात्र होइन हामी एकै आचार्यकहाँ एकैसाथ पढेका पनि हौं। उनलाई छाड्न सक्दिन" भनी भने ।

एकदिन आफ्नो **भोगगाउँमा (भोगगामं)** जाने बेलामा उनलाई घरमा राम्ररी हेरविचार गरी वस्नु भनी जिम्मा लगाई गए । चोरहरूले "सेठ गाउँमा गए" भन्ने खबर सुनी उनको घरमा चोर्ने योजना वनाए । **कालकण्णिले** चोरहरूको योजनाको सुइँको पाए । एक रातमा चोरको बथान आउने कुरा थाहापाई कालकण्णिले घरमा मानिसहरूलाई "कसैले शंख बजाऊ, कसैले ढोलक बजाऊ, कसैले मृदङ्ग बजाऊ, कसैले भिन्न भिन्न बाजाहरू बजाऊ, कसैले गीत गाऊ" भनी झलमल्ल पारी बत्ती बाली रातभरी बसे । चोर्न आएका चोरहरूले घरमा मानिसहरू भरिभराउ भएको जस्तो देखी "सेठ गाउँमा गए भनी सुनेको खबर सत्य रहेन छ" भनी डराई मुग्रो–सुग्रो तथा ज्यावलहरू त्यहीं त्यहीं छाडी भागेर गए । भोलिपल्ट चोरहरूका औजारहरू ठाउँ ठाउँमा देखेर मानिसहरू छक्क परे । यदि **कालकण्णिले** त्यस्तो उपाय नग-रेको भए चोरहरूले चोरेर लैजान्थे होलान् भनी कुरा गर्न थाले ।

गाउँबाट सेठ फर्केपछि यो खबर सुनी सारै खुशी भए । त्यसपछि कालकण्णिले अघिभन्दा बढी मानसत्कार पाउन थाले । अनाथपिण्डिक सेठले यो कुरा भगवान्लाई सुनाए । यसै प्रसंगमा भगवान्ले कालकण्णि जातकको कुरा

Downloaded from http://dhamma.digital

बताउनुभयो । (जा. अ. क. I–II पृ. २६८: कालकण्णि जातकं, जा. नं. ८३; बु. गृ.–१ पृ. २७)

यस जातकमा कालकण्णिको कारणले अनाथपिण्डिकको धन सुरक्षा भएको थियो भने महाउम्मग्गजातकमा कुरुदेशका मिथिला राजाले प्रज्ञावती **उदुम्बरादेवी** पाएका थिए । (जा अ. क. I–II पृ. ४५७: सिरिकालकण्णि जातकं, जा. नं. १९२; यसको कुरा जा. अ. क. VII पृ. ३१३: महाउम्मग्ग जातकको सिरिकालकण्णि पञ्होमा उल्लेख भएको छ ।)

यस्तै कुरा अरू एक जातकमा पनि उल्लेख भएको पाइन्छ । त्यहाँ पनि अनाथपिण्डिकलाई आफूभन्दा नीचसँग साथी बनाउन हुन्न भन्नेकुरा अरू साथीहरूले भनी त्यो निच्छग्र भन्ने साथीलाई छाड्न लगाउन जोर गरेका थिए । तर अनाथपिण्डिक सेठले भने कि आफूभन्दा ठूलोसँग पनि आफू समानसँग तथा आफूभन्दा हीनसँग पनि मित्रता गर्नुहुन्छ । यो कुरा पनि सेठले भगवान्लाई सुनाउँदा वहाँले कुसनालि जातकको कुरा सुनाउनुभयो । (जा. अ. क. I–II पृ. ३२६: कुसनालि जातकं, जा. नं. १२१)

अनाथपिण्डिकको एक प्रत्यन्त जनपदका अदृष्टमित्र (=कहिल्यै नदेखेको साथी) थियो । उसले समय समयमा बिक्री गर्नको लागि मालसामानहरू श्रावस्तीमा अनाथपिण्डिक कहाँ पठाउँथ्यो। सेठले राम्रोसग बिक्री गरिदिन्थे । त्यस्तैगरी

Downloaded from http://dhamma.digital

अनाथपिण्डिक साहुले पनि त्यहाँ बिक्री गर्नको लागि सामान-हरू पठाउँथे ।

एकदिन सेठले पठाएको सरसामान बारे त्यति वास्ता राखेनन् । पछि उनले श्रावस्तीमा पठाएको वस्तुमा पनि अनाथपिण्डिक साहुले त्यति वास्ता राखेनन् । पछि ती सामानहरू लूटपिट पनि भए । आएका मानिसहरू त्यसै फर्के । अनाथ-पिण्डिक साहुले यो कुरा भगवान्लाई सुनाएपछि भगवान्ले अकतञ्ञु जातकको कुरा सुनाउनु भयो । (जा. अ. क. I-II पृ. २७९: अकतञ्ञु जातकं, जा. नं. ९०)

यस्तै कुरा जा. अ. क. III पृ. १३६ मा पनि उल्लेख भएको पाइन्छ । त्यसमा चाहिं ती प्रत्यन्त जनपदका ब्यापारीहरू फर्केर गई श्रावस्तीमा भएको कुरा वाराणसीका सेठलाई सुनाउँदा उनले तिमीहरूले जस्तो गरेका थियौ त्यस्तै फल पायौ भनी जवाफ दिए भन्ने कुरा उल्लेख भएको छ । (जा. अ. क. III पृ. १३६: हिरिजातकं, जा. नं. ३६३)

अनाथपिण्डिकको अर्को एक साथी थियो । उ चाहिं रक्सी बेच्ने काम गर्थ्यो । एकदिन उसले आफ्नो नोकरलाई "रक्सी बेच्दै गर, म नुहाएर आउँछु" भनी नदीमा गयो । पसलमा रक्सी खान आएकाहरूले पसलमा बसी नुनिलो वस्तु खान थाले । पसलको नोकरले सोच्यो कि शायद रक्सीमा नून नभएकोले रक्सी नखाएका होलान् भनी उसले रक्सीमा नून मिसाइ दियो । रक्सी सबै खराब भयो । पसलको

Downloaded from http://dhamma.digital

मालिकले यो कुरा आफ्ना साथी अनाथपिण्डिक साहुलाई सुनायो । यो कुरा सेठले भगवान्लाई सुनाए । भगवान्ले यस प्रसंगमा बारुणि जातकको कुरा सुनाउनु भयो । (जा. अ. क. I–II पृ. १८७: बारुणि जातकं, जा. नं. ४७)

अनाथपिण्डिक साहुका अर्का एकजना साकेत नगरवासी कालक भन्ने सहपाठी साथी थिए । यो नगर श्रावस्तीबाट ६ योजन टाढा पर्दथ्यो । यिनीहरू एकै आचार्यकहाँ पढीरहेको बेलामा एकदिन यिनीहरूको बीच "हामीहरूमध्ये छोरा वा छोरी भएमा जसले छोरी माग्नेछ उसलाई छोरी दिनुपर्छ" भनी बाचा गरेका थिए । पछि उनीहरू दुबैजना आ–आफ्ना नगरका सेठ भए । (बु. म.-२ पृ. ५२)

एकदिन कालक सेठ बिक्री गर्ने सामानहरू लिई श्रावस्तीका अनाथपिण्डिक साहुको घरमा गए । अनि अनाथपिण्डिक साहुले आफ्नी माहिली छोरी चूलसुभद्रालाई बोलाई "छोरी ! तिम्रा मित–बा कालक सेठ आइपुगेका छन् । उनलाई राम्रोसंग हेर विचार गर" भनी भने । "हुन्छ, हवस्" भनी उनले सेठलाई गर्नुपर्ने आगन्तुक सेवा टहल सबै गरिन् । चूलसुभद्राको शीलस्वभाव देखेर कालक साहु निकै प्रभावित भए। अनि एकदिन अनाथपिण्डिकसँग बितेका दिनका कुरा गरी कुशलवार्ता गरिरहेको बेलामा विद्यार्थीको बेलामा दुइ जनाको बीचमा भएको बाचाको बारेमा कालक सेठले कुरा निकाली आफ्नो छोराको लागि चूलसुभद्रालाई मागे। तर उनी

Downloaded from http://dhamma.digital

बुद्धमार्गी नभएकोले उत्तिखेरै केही नभनी पहिले यस विषयमा भगवान्‌सँग सोधे। भगवान्‌ले उनको उपनिश्रय सम्पत्ति देख्नुभई "हुन्छ नि, के हुन्छ र" भनी भन्नु भयो। त्यसपछि **पुण्यलक्षणदेवीसँग** पनि सल्लाह गरी त्यसपछि उनलाई वचन दिए। त्यसपछि एक शुभदिनमा **चूलसुभद्रालाई विवाह गरिदिए।** (बु. म.–२ पृ. ५२–५४; अं. अ. क. II पृ. ४८२: कालकारामसुत्तवण्णना, चतुक्कनिपात, उरुवेलवग्गो; अं. अ. क. *I* पृ. १४६: कुण्डधानकथा, एककनिपातवण्णना) विस्तृत कुरा जान्न चाहनेले **बु. म.–२ पृ. ५२** मा हेर्नू।

चूलसुभद्राको पतिको नामको बारेमा धम्म. प. अ. क. पृ. ७०५: चूलसुभद्दावत्थु, पकिण्णकवग्गो; अप. दा. अ. क. पृ. ३००: कुण्डधानत्थेरस्स अपदानले **उग्ग नगरको उग्गश्रेष्ठीपुत्र** भनी उल्लेख गरेका छन्। तर छानबीन गर्दा **यो चूलसुभद्राको नभई महासुभद्राको पति हो भन्ने कुरा** अं. अ. क. I पृ. १४६: कुण्डधानसुत्तवण्णनाबाट र अ. अ. क. II पृ. ४८२: कालकाराम सुत्तवण्णनाबाट प्रष्ट हुन्छ। (बु. म.–२ पृ. ५३)

चूलसुभद्रालाई विवाह गरिदिइ सकेपछि एकदिन अनाथपिण्डिक सेठले भगवान्‌लाई भोलिको लागि निम्तो गर्न जाँदा भगवान्‌ले "मैले **चूलसुभद्राको निम्तो** स्वीकारिसकें" **भनी भन्नु भएपछि सेठले** "ठीक छ भन्ते, चूलसुभद्रालाई नै संग्रह गर्नुहोस्" भनी **अनाथपिण्डिक** साहु फर्के। (बु. म.–२

Downloaded from http://dhamma.digital

पृ. ६१; अं. अ. क. II पृ. ४८३: कालकसुत्तवण्णना, चतुक्क निपात।)

एकदिन रक्सी खाई हिंड्नेहरूको पैसा सकिएपछि यी धूर्तहरूले सल्लाह गरे "अब कसरी पैसा कमाउने ?" ती मध्ये एक महसूर बदमासले भन्यो "हामीले रक्सीमा बेहोस हुने औषधी मिसाई एउटा स्यानो पसल थापेर बसौं। अनाथपिण्डिक साहु राजाकहाँ जाँदा चुनेको लुगा लगाई हातमा औंठी लगाई अमुक बाटो भएर जान्छन्। त्यसबेला उनलाई रक्सी खुवाई बेहोसपारी उनको हातको औंठी र लुगाहरू खोसौं" भनी भन्यो। "हुन्छ" भनी उनीहरू मिली त्यस बाटोमा स्यानो रक्सीको पसल थापेर वसे।

एकदिन अनाथपिण्डिक साहु त्यस बाटो भई गइरहेको बेलामा उनलाई मान गरी पसलमा बोलाई "साहुजी ! यो मिठो पेय बस्तु अलिकता पिएर जानुहोस्" भने। उनीहरूको हाउभाउ देखेर साहुले उनीहरूको सबै कुरा बुझी उनीहरूलाई तर्जनगरी भगाएर पठाए। भगवान्‌लाई यो कुरा उनले सुनाएपछि भगवान्‌ले यसै प्रसंगमा पुण्णपाति जातकको कुरा सुनाउनु भयो। (जा. अ. क. I-II पृ. १९९: पुण्णपाति जातकं, जा. नं. ५३)

## नन्द गोपालक

अनाथपिण्डिक साहुका नन्द भन्ने एक गोपालक थिए। उनी महाधनी थिए। उनी गाईहरू पाल्दथे। बखत बखतमा

Downloaded from http://dhamma.digital

दूध दही घिउ आदि पञ्चगोरस लिई अनाथपिण्डिक साहुकहाँ जान्थे । त्यहाँ उनले भगवान्को उपदेश पनि सुन्थे । उनी जेतवनमा गई भगवान्को धर्मोपदेश पनि सुन्ने गर्थे । भगवान्लाई आफ्नो घरमा आउनुहुन निम्तो पनि गर्थे । तर त्यस-बेलासम्म उनको ज्ञान परिपक्व नभएको हुँदा भगवान्ले उनको निम्तो स्वीकार्नु भएको थिएन ।

एकदिन भगवान् धेरै भिक्षुहरूका साथ कोशल राज्यमा चारिका गर्दागर्दै **नन्द गोपालकको घरको आसपासमा** बाटाको एक छेउको एक ठूलो रुखमनि बस्नुभयो । नन्द गोपालकले भगवान् आउनु भएको कुरा सुनी तुरन्तै भगवान्-कहाँ गए । भगवान्ले उनलाई धर्मोपदेश गर्नुभयो । नन्द गोपालकले भोलिको निमित्त भिक्षुहरू सहित भगवान्लाई निम्तो गरे भगवान्ले स्वीकार्नु भयो । अनि भोलिपल्ट भिक्षुहरू सहित भगवान् नन्द गोपालकको घरमा जानुभयो । नन्द गोपालकले पानी नभएको दूधमा पकाएको पायसद्वारा भगवान् सहित भिक्षुहरूलाई भोजन गराए । भगवान्को उपदेश सुनी उनी **स्रोतापन्न** भए ।

यसैगरी उनले १ हप्तासम्म दान दिए । १ हप्तापछि भगवान् चारिकार्थ जानुभयो । **नन्द गोपालक** भगवान्को पात्र लिई धेरै टाढासम्म गए । पछि भगवान्ले "नन्द ! कति टाढासम्म जाने, भइहाल्यो फर्क" भनी भन्नु भएपछि उनी फर्के । फर्किरहेको बेलामा एक सिमानानिर एक

Downloaded from http://dhamma.digital

ब्याधाको बाँणलागि उनको मृत्यु भयो । (धम्म. प. अ. क. पृ. १९९: नन्दगोपाल वत्थु, चित्तवग्गो; उदा. अ. क. पृ. १६९: गोपालकसुत्तवण्णना, मेघियवग्गो; उदा. पा. पृ. १०७: गोपालकसुत्तं, मेघियवग्गो; बु. ब्र.–१ पृ. ३०४)

## ब्यापारी मात्र थिएनन्

अनाथपिण्डिक सेठ ब्यापारी मात्र होइनन् उनी एक तार्किक धर्मकथिक पनि हुन् (बु. गृ.–१ पृ. २९) भन्ने कुरा अं. नि.–१० किंदिट्ठिक सूत्रबाट प्रमाणित हुन्छ ।

एकदिन उनी जेतवनतिर गइरहेको बेलामा बाटामा पर्ने एक परिव्राजकको आराममा गए । त्यसवखत त्यहाँ होहल्ला गरी निरर्थक तिरश्चीन कुरा गरिरहेका तीर्थिय परिव्राजकहरूलाई त्यस आरामका प्रमुखले शान्तहुन अनुरोध गरे ।

अनाथपिण्डिक त्यहाँ गई ती तीर्थियहरूसँग कुशलवार्ता गरी एक छेउमा बसे । एक छेउमा बसेका गृहपतिसँग त्यहाँ भेला भई बसेका परिव्राजकहरूले सोधे– "हे गृहपति! तपाइँका श्रमण गौतम के दृष्टिका हुनुहुन्छ ?" "खोइ, भन्ते! वहाँ के दृष्टिका हुनुहुन्छ भन्ने कुरा सबै मलाई थाहा छैन ।" "गृहपति ! यदि भगवान् के दृष्टिका हुनुहुन्छ भन्ने कुरा तपाइँलाई थाहा छैन भने भिक्षुहरू के दृष्टिका हुनुहुन्छन् त?" "भन्ते ! यो पनि मलाई राम्रोसंग थाहा छैन ।" "यदि यो पनि थाहा छैन भने तपाइँको दृष्टि के हो त ?" भनी सोध्दा

Downloaded from http://dhamma.digital

अनाथपिण्डिक गृहपतिले "भन्ते ! मैले मेरो दृष्टिको बारेमा भन्नुभन्दा अगाडि तपाईंहरू आ-आफ्नो दृष्टिको कुरा बताउनु भए मलाई आफ्नो कुरा बताउन सजिलो हुने थियो" भनी भन्दा उनीहरूमध्ये कसैले "हामी **शाश्वत दृष्टिका ह्वौं**; कसैले हामी **अशाश्वत दृष्टिका ह्वौं**; कसैले हामी **अर्कै जीव हो, अर्कै शरीर हो भन्ने दृष्टिका ह्वौं**" भनी थरी थरीका कुरा भने । "भन्ते ! तपाइँहरूका कुराहरू सबै संस्कारित, कल्पित तथा हेतुप्रत्ययद्वारा उत्पन्न भएका हुन् । जो हेतु प्रत्ययद्वारा उत्पन्न भएका हुन् । जो हेतु प्रत्यय-द्वारा उत्पन्न हुन्छन् ती सबै अनित्य हुन्, जो अनित्य हुन् ती दुःख हुन् जो दुःख हुन् तिनैमा तपाईहरू डुब्नु भएको छ । जुन दृष्टि तपाइँहरूले अपनाउनु भएको छ त्यो या त अज्ञानताको कारणले हो या त सुनेको मात्र भरले हो ।"

अनि सेठलाई आफ्नो दृष्टिको बारेमा बताउन आग्रह गरेपछि उनले यसो भने- "जो संस्कारित कल्पित तथा हेतुप्रत्ययद्वारा उत्पन्न भएको हो त्यो अनित्य हो, जो अनित्य हो त्यो दुःख हो, जो दुःख हो त्यो न मेरो हो, न म हुँ, न त मेरो आत्मा हो भन्ने दृष्टिकको म हुँ ।" यो कुरा मैले आफ्नै प्रज्ञा र बुद्धिद्वारा प्रत्यक्षीकरण गरिसकेको छु । यति भने-पछि तीर्थिय परिव्राजकहरू शिर निहुर्याई केही नबोली चूप लागेर बसे । अनि आसनबाट उठी जेतवनमा गई अनाथपि-ण्डिक गृहपतिले भगवान्लाई सबैकुरा सुनाए । केहिछिन पछि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नु भई "भिक्षु हो !

Downloaded from http://dhamma.digital

प्रव्रजित भएको १०० वर्ष पुगेकाले पनि अनाथपिण्डिकले झैं कुरा सिक्नु पर्छ" भनी भन्नुभयो । (अं. नि.–१०, पृ. २४८: किंदिट्ठिकसुत्तं, उपालिवग्गो; बु. गृ–१ पृ. ११९–२०) यस सूत्रको अनुवाद बु. गृ.–१ पृ. ११९ मा भएको छ ।

## नित्यवर्षावास

तथागतले बुद्धत्व प्राप्त गरिसक्नु भएपछि पहिलो २० **वर्षसम्म** आफूलाई जहाँ जहाँ सुविधा भयो । त्यहाँ त्यहाँ वर्षावास बिताउनु भएको थियो । (अं. अ. क.–२ पृ. ३१४: समचित्तवग्गो; पपं. सू. IV. पृ. १३७: पासरासिसुत्तवण्णना; बु. वं. अ. क. पृ. ३: निदानवण्णना; बु. रा.–१ पृ. १५२) त्यसपछि **२१ औं वर्षावासदेखि** मात्र श्रावस्ती जेतवनाराम र विशाखाको पूर्वाराममा २४ वर्षावास बिताउनु भयो । वहाँको अन्तिम वर्षावास चाहिं वैशालीको **बेलुव गाउँमा** भएको कुरा सं. नि. IV पृ. १३१: गिलानसुत्तं, सतिपट्ठानसंयुत्तंमा "**इधेवाहं वेलुवगामे वस्सं उपगच्छामि**" भनी उल्लेख भएको तथा दी. नि. II पृ. ७९: महापरिनिब्बानसुत्तं, वेलुवगामवस्सूपगमनंमा "अहं पन इधेव **वेलुवगामके वस्सं उपगच्छामि**" अर्थात्– म यहीं वेलुवगाउँमा वर्षावास बस्नेछु भनी उल्लेख भएको पाउँछौं ।

किन्तु **बुद्धघोष आचार्यले** आफना धम्म. प. अ. क. पृ. २: **चक्खुपालत्थेरवत्थु**, यमकवग्गो; अं. नि. अ. क.–२ पृ.

Downloaded from http://dhamma.digital

३१४: समचित्तवग्गोमा र पपं. सू. IV पृ. १३७: पासरासि-सुत्तवण्णनामा पच्चिसौं (२५) वर्षावास श्रावस्तीमा बिताउनु भयो भनी उल्लेख गर्नु भएको छ । त्यसैगरी भदन्त **बुद्धदत्त आचार्यले** पनि आफ्नो बु. वं. अ. क. पृ. ३: निदानवण्णनामा २५ वर्ष उल्लेख गर्नुभएको छ । यसैको अनुरूप **भरतसिंह उपाध्यायले** आफ्नो बु. भा. भू. पृ. ११२ मा र **डा. मललसेकरले** आफ्नो D. P. P. I. पृ. ७९९ मा उल्लेख गरेका छन् । धम्म. प. अ. क. पृ. २: चक्खुपालत्थेर वत्थुमा त जेतवनाराममा १९ **वर्षावास** र पूर्वाराममा ६ **वर्षावास** बिताउनु भयो भनी उल्लेख भएको छ ।

जब माथिको मूल सूत्रमा स्वयं भगवान्ले "म वेलुव गाउँमा वर्षावास बस्नेछु" भनी भन्नु भएको छ भने श्रावस्तीमा २५ को सट्टा २४ वर्षावास मात्र बस्नु भएको ठहर हुन्छ । श्रावस्तीमा नित्य वर्षावास बस्नुभन्दा अघि कहाँ कहाँ वहाँले २० वर्षावास बिताउनु भएको थियो भन्ने क्रमसूची बु. रा.-१पृ. १५२मा उल्लेख भएको छ । वहाँले राजगृहमा २० **सौं वर्सावास** बस्नु भयो । त्यसपछिको २१ औं **वर्षावासदेखि** श्रावस्तीमा बस्नु भयो । २४ औं वर्षावाससम्म श्रावस्तीमा बसिसक्नु भएपछि २५ औं वर्षावास वैशालीको **वेलुव गाउँमा** बस्नुभएको कुरा प्रष्ट छ ।

श्रावस्तीमा बस्नुहुँदा विशाखा र अनाथपिण्डिकको प्रति अनुकम्पा राखी उनीहरूको पुण्यको लागि एकदिन पूर्वा-

Downloaded from http://dhamma.digital

राममा बस्नुभए अर्कोदिन जेतवनमा आलोपालो गरी बस्नुहुन्थ्यो । वर्षावास पनि यसै प्रकारले बस्नुहुन्थ्यो । (पपं. सू. IV पृ. १३७: पासरासिसुत्तवण्णना; अं.अ.क.–२ पृ. ३१४: समचित्तवग्गो; बु. म.–१ पृ. ८२–८३)

## छोरा बुहारी

अनाथपिण्डिक साहुको काल भन्ने एउटा मात्र छोरा भएको कुरा माथि उल्लेख गरिसकेको छु । तरुण भएपछि उनको स्वभाव आफ्नो पिताको भन्दा विपरित भयो । उनी भगवान् सहित भिक्षुसंघलाई दानदिने वा धर्मश्रवण गर्न मन पराउँदैनथे । भगवान् सहित भिक्षुसंघलाई वन्दना पनि गर्दैनथे । यसले गर्दा सेठको मनमा सारै चिन्ता लाग्यो । "यदि यो केटो यस्तो भयो भने यसको गति राम्रो हुनेछैन । म छँदा नै यो दुर्गतिमा परेको हेर्नुपर्ने छ । कसरी यसलाई ठीक बाटोमा राख्न सकूँला !" यस्तो सोचिरहेको बेलामा सेठको मनमा यस्तो लाग्यो– "पैसाले मानिसहरूलाई आफ्नो वशमा राख्छ । अतः मैले पनि यसलाई पैसाको लोभ देखाई विहारमा पठाउने जुक्ति निकाल्नुपर्‍यो ।" यति सोची सेठले आफ्नो छोरालाई बोलाई यसो भने–

"छोरा ! तिमीले उपोसथशील पालनगरी विहारमा गई धर्मश्रवण गरेर आएमा तिमीलाई एक शय (१००) रुपैयाँ दिनेछु ।"

Downloaded from http://dhamma.digital

शय रुपैयाँ पाउने आशाले उपोसथशील समादान गरी उनी विहारमा गए । तर उनलाई धर्मश्रवण गर्ने आदिसँग कुनै सम्बन्ध थिएन । भोलिपल्ट विहारबाट फर्केर आएपछि उनका पिताले उपोसथशील पालन गरेर आएको भनी बडो प्रेमपूर्वक जलपान गराउन लगाए । तर काल कुमारले जल–पान गरेनन् । उनले भने कि मलाई दिन्छु भनेको शय रुपैयाँ नै ल्याइदिनुहोस् । अनि सेठले उनलाई शयको थैली ल्याइ-दिए । उनले शयको थैली लिएपछि मात्र जलपान गरे ।

यसरी दिन बित्दै गएपछि सेठले एक दिन छोरोलाई भने– "बाबु ! तिमीले धर्मपदहरूबाट कुनै एक पद पढेर आएमा तिमीलाई एक हजार(१०००) रुपैयाँ दिनेछु ।"

उनी खुशीभई विहारमा गई धर्मश्रवण गरे । गाथाको कुनै एकपद सिक्ने प्रयत्न गरे । तर भगवान्ले उनलाई गाथाको कुनै पद नआउने पारिदिनु भयो । माथिको पद पढी तलको पद पढ्दा माथिको पद बिर्सने । तलको पद पढी माथिको पद पढ्दा तलको पद बिर्सने । यसो हुँदा उनले झन् बल गरे । जब मानिसले धर्म सिकेर नै छाड्नेछु भनी अठोट गर्छ तब उसले कुनै न कुनै प्रतिफल पाइहाल्छ । यस्तै गरी काल कुमारले पनि "न पढी छाड्दै छाड्दिन" भनी कोसिस गरे । नभन्दै उनले यस्तो कोसिस गर्दा गर्दै उनी उहीं स्रोतापन्न भए ।

भोलिपल्ट उनी भिक्षुहरूका साथ भगवान् सहित घर फर्के । भगवान् सहित भिक्षुसंघलाई भोजन दिंदा उनलाई

Downloaded from http://dhamma.digital

पनि भोजन दिए । अनाथपिण्डिकले उनको मुख हेरी सोचे कि आज मेरो छोराको अनुहार निक्कै प्रसन्न देखिन्छ । स्वभाव पनि अघि जस्तो छैन । अवश्यमेव यिनले केही फल प्राप्त गरे होलान् । उता काल कुमारको मनमा यस्तो भइ-रहेको थियो– "अघि अघिजस्तो मेरा पिताले पैसाको थैली नल्याए हुन्थ्यो । नत्रभने मैले पैसाको लोभले शील पालन गरेको कुरा प्रकट हुनेछ ।" यति मात्र कालले के सोचिरहेका थिए उनका पिताले "ल, बाबु! जो मैले तिमीलाई गाथाको कुनै पद सिकेर आएमा एकहजार रुपैयाँ दिनेछु भनेको थिएँ सो रुपैयाँ लेऊ" भनी एक हजारको थैली उनको अगाडि राखिदिए । उनी लाजले भुतुक्क भई "भो, मलाई यो पैसा चाहिन्न" भनी पैसाको थैली लिएनन् । "अघि अघि तिमीले पैसाको थैली नलिइकन खाना खान्नथ्यौ आज किन पैसाको थैली चाहिन्न भन्छौ ?" भनी सोध्दा भगवान्ले बीचमा कुरा काटी यसो भन्नुभयो–

"गृहपति ! आज तिम्रो छोरा कालले पृथ्वीको राज्यभन्दा ठूलो, स्वर्गलोकभन्दा ठूलो, सबै लोकको मालिक हुनेभन्दा पनि श्रेष्ठतम स्रोतापत्तिफल पाइसकेका छन्" भनी धम्मपदको १७८औं गाथा सुनाउनुभयो ।(बु. गृ.–१ पृ.२६)

उपाय कुशलताले गर्दा अनाथपिण्डिक साहुले आफ्नो छोरा काललाई यसरी शिक्षित पारी सम्यक् बाटोमा राखि-दिए । (धम्म. प. अ. क. पृ. ५४२: अनाथपिण्डिकपुत्तस्स

Downloaded from http://dhamma.digital

वत्थु, लोकवग्गो; बु. म.–१ पृ. १४, ५४; बु. गृ.–१ पृ. २६)

अनाथपिण्डिक सेठले आफ्नो छोरा काललाई अंग देशको भद्रीय नगरवासी धनञ्जय सेठकी छोरी विशाखा महाउपासिकाकी कान्छी बहिनी **सुजातासँग** विवाह गरिदिएका थिए[1]। (बु. म.–२ पृ. १८९–९०; बु. गृ.–१ पृ. २६; बु. म.–१ पृ. १४, ५४, ९९)

"म धनीकुलकी हुँ" भन्ने भावनाले उनी सारै घमण्डी थिइन्। दिदी हुने विशाखाको जस्तो शील–स्वभाव उनीमा कत्ति पनि थिएन। सासु, ससुरा, लोग्नेलाई समेत उनी अपमान गर्दथिन्। नोकर चाकरहरूलाई पनि गालिगलौज गरी, कडा वचन प्रयोग गर्ने मात्र होइन कुट्न पनि कुट्थिन्।(बु. म.–२ पृ. १८९)

एकदिन भगवान् भोजनार्थ अनाथपिण्डिक सेठको घरमा आउनुभएको थियो। त्यसबेला वहाँले उनको घरमा

---

[1] दिब्यावदानमालाको स्वागत कथामा सिसुमार भन्ने पहाडमा बस्ने एक धनी बुद्ध भन्नेले आफ्नी रुपिनी भन्ने छोरी अनाथपिण्डदको छोरालाई दिएको कुरा उल्लेख भएको छ भनी S.B.L.N. पृ. ३०७ ले उल्लेख गरेको छ। जसको तरफबाट स्वागत भन्ने छोरा जन्मेको थियो। उनी गर्भिणी भएदेखि दुःखी भएको कुरा पनि उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital

निक्कै होहल्ला भइरहेको सुन्नु भयो । अनि भगवान्ले सेठ-सँग "यो के को होहल्ला ?" भनी सोध्नु हुँदा साहुले "भन्ते ! यी मेरी बुहारी **सुजाता** सारै दुर्विनीता छिन् । कसैको कुरा टेर्दिनन् । कसैलाई पनि आदर सत्कार गर्दिनन् । नोकर–चाकरहरूलाई पनि जथाभावि भनी कुट–पीट पनि गर्छिन् । यसैको होहल्ला हो भन्ते !" भनी भने-पछि भगवान्ले **सुजातालाई** बोलाउन पठाउनु भयो । उनी आई भगवान्लाई वन्दना गरी एक छेउमा वसिन् । एक छेउमा बसेकी सुजातासँग भगवान्ले "सुजाते ! यहाँ सात प्रकारका भार्याहरू हुन्छन् । ती मध्ये तिमी कुन प्रकारकी ह्वौ ?" भनी सोध्नु भयो ।

**सुजाताले** "भन्ते ! कुन सात प्रकारका भार्याहरू हुन्छन् भन्ने कुरा नै मलाई थाहा छैन" भनी भनेपछि भगवान्ले अं. नि.–७ पृ. २२३ मा उल्लिखित भरियासुत्तको कुरा सुनाउनु भयो । (यसको अनुवाद बु. म.–२ पृ. १९३ मा भएको छ ।) यो कुरा सुनी **सुजाता** उहीं स्रोतापन्ना भइन् । (जा. अ. क. I–II पृ. ६१२: सुजाता जातकं, जा. नं. २६९) अन्तमा सुजाता सुविनीता भई "भन्ते ! अब उप्रान्त मलाई भगवान्ले दासी समान भार्या हुन् भनी स्वीकार्नु होस्" भनी बिन्ति गरिन्[1] । (जा. अ. क. I–II पृ.

---

[1] अवदान शतकको मुक्तामालाको कथामा श्रावस्तीवासी मुक्तामाला भन्ने कन्या अनाथपिण्डदकी बुहारीसँग भगवान्को धर्म-श्रवण गरी अरहन्नी भएकी थिइन् भनी S.B.L.N. पृ. ३६ ले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital

६१०: सुजाता जातकं, जा. नं. २६९; अं. अ. क.–७ II पृ. ७२३: भरियासुत्तवण्णना, अब्याकतवग्गो; बु. म.–२ पृ. १९१)

## अनाथपिण्ड़कको गुण र सुमनादेवी

एकदिन भगवान् श्रावस्तीको जेतवनाराममा बसिरहनु भएको बेलामा भिक्षुहरूलाई सम्बोधन गरी वहाँले यसो भन्नु भयो– "भिक्षु हो ! **अनाथपिण्डकमा** यी छः गुणहरू मौजुद छन्– (१) बुद्धप्रति अटल श्रद्धा छ, (२) धर्मप्रति अटल श्रद्धा छ, (३) संघप्रति अटल श्रद्धा छ, (४) आर्यशील छ, (५) आर्यज्ञान छ तथा (६) आर्य विमुक्ति ज्ञान छ।" (बु. गृ.–१ पृ. ११३; अं. नि.–६, पृ. १४९: भल्लुकादिसुत्त ।)

एकदिन अनाथपिण्डक **भोगगाउँबाट** फर्किरहेको बेलामा बाटामा चोरहरूको बथानदेखि बीच बाटामा बास बस्न भएन भनी हतारो हतारो गरी गाडा चलाई श्रावस्तीमै आइपुगे । भोलिपल्ट सेठले यो कुरा भगवान्लाई सुनाए । भगवान्ले यस प्रसंगमा वेरीजातकको कुरा बताउनु भयो । (जा. अ. क. I–II पृ. ३०५: वेरीजातकं, जा. नं. १०३)

श्रावस्ती नगरवासीहरू भगवान्लाई निम्तो गर्नुपर्दा पहिले उनीहरूले **अनाथपिण्डक र विशाखा** महाउपासिका-

Downloaded from http://dhamma.digital

हरूको स्वीकृति लिन्थे । उनीहरू उपस्थित नभएको दान त्यति प्रशंसित हुन्नथ्यो । उनीहरू भएको दान प्रशंसित हुन्थ्यो ।

त्यस बखत साधारण श्रावस्तीवासीहरूले यसो भन्थे- "तिमीहरूको दान कार्यमा **अनाथपिण्डिकहरू छन् कि छैनन् ?"** "छैनन्" भन्दा "त्यसोभए त्यो केको दान भयो र !" भन्दथे । "छन्" भनी भन्दा मानिसहरू खुशी हुन्थे र प्रशंसा गर्थे । (धम्म. प. अ. क. पृ. ९४: सुमनादेवीवत्थु, यमकवग्ग; बु. म.–१ पृ. ७७)

यस कारणले गर्दा **अनाथपिण्डिक र विशाखा उपासिकाहरू** आफ्ना घरमा आउने भिक्षुहरूलाई भोजन गराउनको निमित्त **घरमा बस्न पाउँदैनथे** । अतः उनीहरूले आ–आफ्ना घरमा विशाखाले आफ्नी **दत्ता** भन्ने नातिनीलाई जिम्मा लगाएकी थिइन् भने अनाथपिण्डिकले जेठी छोरी **महासुभद्रालाई** जिम्मा लगाएका थिए । जेठी छोरी महासुभद्रा भिक्षुहरूको धर्मोपदेश सुनी स्रोतापन्ना भई पतिकुलमा गइन्। त्यसपछि माहिली छोरी **चूलसुभद्रालाई** जिम्मा दिए । उनी पनि धर्मश्रवण गरी स्रोतापन्ना भई पतिकुलमा गइन् । (बु.गृ.–१ पृ. २६) त्यसपछि कान्छी छोरी **सुमनादेवीलाई** जिम्मा लगाए । उनी **अनागामी** थिइन् । (बु. गृ.–१ पृ. २६)

अकस्मात् एकदिन **सुमनादेवी** विरामी भइन् । अनि दान दिने ठाउँमा गइरहेका आफ्ना पितालाई बोलाउन पठाइन् ।

Downloaded from http://dhamma.digital

बाबु चाहिं आएर "छोरी ! के भयो ?" भनी सोध्दा **सुमनादेवीले** "केही भएको छैन भाइ" भनी भनिन् । "छोरी ! किन प्रलाप गर्दैछ्यौ ?" भनी भन्दा "भाइ ! मैले प्रलाप गरेको छैन" भनी अर्कैतिर फर्केपछि उनको मृत्यु भयो । यो देखेर अनाथपिण्डिकको मनमा सारै चोट पऱ्यो । उनको दाहसंस्कार गरिसकेपछि गहभरी आँसुगरी जेतवनमा भगवान् कहाँ गए । भगवान्ले "गृहपति ! किन गहभरी आँसु लिई आएको ?" भनी सोध्दा "भन्ते ! मेरी त्यति राम्री सुविनीता कान्छी छोरी **सुमनादेवीको मृत्यु भयो**" भनी भने। "गृहपति ! के त जन्मेका प्राणीहरू मर्छन् भन्ने थाहा छैन?" "भन्ते ! थाहा नभएको होइन । तर उनको मृत्यु हुँदा चित्त थातमा राख्न नसकी प्रलाप गरी मृत्यु भयो । त्यसैले मलाई चोट परेको हो ।" "उनले के प्रलाप गरिन् त ?" "भन्ते ! जब मैले छोरी ! के भयो भनी सोध्दा केही भएको छैन भाइ भन्दा भन्दै उनको मृत्यु भयो ।" यसैले मलाई दुःख लागेको हो ।

"गृहपति ! उनले प्रलाप गरेकी छैनन् । उनले साँच्चै कुरा गरेकी हुन् । किनभने, मार्गफलको हिसावले उनी तिमीभन्दा जेठी छिन् । किन कि उनी **सकृदागामी** हुन्, तिमी **स्रोतापन्न** ह्वौ । यस दृष्टिबाट तिमीलाई भाइ भनेकी हुन् ।"

भगवान्को यो कुरा सुनेर अनाथपिण्डिक गृहपति

Downloaded from http://dhamma.digital

सारै खुशी भई "भन्ते ! अहिले उनी कहाँ छिन् त ?" भनी सोध्दा भगवान्ले "उनी अहिले **तुषित देवलोकमा छिन्**" भनी भन्नुभयो । "यहाँ पनि सुखी भई परलोकमा पनि झन् सुख हुने ठाउँमा गएकी रहिछिन्" भनी भन्दा "हो त, जसले पुण्यकार्य गर्छ यहाँ पनि आनन्दित हुन्छ परलोकमा पनि झन् आनन्दित हुन्छ" भनी धम्म. प. को १८ औं गाथा सुनाउनु भयो । (धम्म. प. अ. क. पृ. ९४: सुमनादेवीवत्थु, यमक-वग्गो; बु. गृ.–१ पृ. २६; बु. म.–१ पृ. ७७; बु. म.–२ पृ. २४९; नेवारी धम्म. प. अ. क.–१ पृ. २१०)

## दान दिनु बेश हो

एकदिन भगवान् अनाथपिण्डिकको घरमा हुनुहुन्थ्यो। त्यसबखत रोइरहेकी सेठकी पनातिनीलाई धाईले सेठकहाँ लगी । सेठले किन रोइरहेकी भनी सोध्दा पनातिनीको **माताको खेलौना** जो उसलाई "यो तिम्री छोरी हो" भनी दिएका थिए । त्यो खेलौना खसेर फुट्यौ । त्यसैले **'मेरो छोरी मरी'** भनी रोइरहेकी भनी धाईले भनी । उसलाई कसैले पनि फकाउन सकेनन् ।

अनि अनाथपिण्डिकले "भइहाल्यो तिम्री छोरीको नाममा भोलि दान दिनेछु" भनी फकाए । वालिका चूप लागी । अनि भगवान्लाई ५०० भिक्षुहरूका साथ भोलिको निम्तो स्वीकार्नु होस् भनी प्रार्थना गरे । भगवान्ले स्वीकार्नु

Downloaded from http://dhamma.digital

भयो । अनि भोलिपल्ट ५०० भिक्षुहरूका साथ भगवान् आई भोजन गर्नुभयो । अनुमोदन धर्मोपदेश गर्नुहुँदै भगवान्ले "कुनै कारण लिई दान दिनु राम्रै हो" भनी भन्नुभयो ।

यो घटना देखेर सेठकी पत्नी र अरू ज्ञातिबन्धुहरूले एक महीनासम्म दान दिए । (पेत. व. अ. क. पृ. १३: पिट्ठधीतलिक पेतवत्थुवण्णना; बु. प्रे. पृ. १९८)

एकदिन भगवान् भिक्षुहरूका साथ अबेर गरी अनाथपिण्डकको घरमा जानुभयो । अनाथपिण्डकले "भन्ते ! किन दिन बितिसकेपछि आउनु भएको ?" भनी सोध्दा भगवान्ले "गृहपति मौद्गल्यायन र नन्दोपनन्द नागराजाको बीच लडाइ भएको थियो" भनी भन्नुभयो । "कसको जीत भयो त ?" भनी सेठले सोधेपछि "मौद्गल्यायनको" भनी भगवान्ले भन्नुभयो । "भन्ते ! त्यसोभए यस उपलक्षको कारणमा म ५०० भिक्षुहरू सहित भगवान्लाई १ हप्तासम्म भोजन दान दिन चाहन्छु" भनी भन्दा भगवान्ले स्वीकार्नु भयो । सेठले १ हप्तासम्म लगातार भोजनदान दिए । (थेर. गा. अ. क. II पृ. १८९–९०: महामोग्गल्लानत्थेरगाथावण्णना ।) एक दिन एक दरिद्रीले विहारमा आई भिक्षु एकजना माग्न आउँदा कोही थिएनन् र सारिपुत्र स्थविर एकजना मात्र थिए । सो दरिद्रो बुढोले सारिपुत्र स्थविरलाई दानदिएको खबर सुनी अनाथपिण्डकहरूले पैसा र वस्त्र दिन पठाएका थिए ।

Downloaded from http://dhamma.digital

(जा. सं.–४ पृ. ३६: कुण्डककुच्छि सिन्धव जातक, जा. नं. २५४) प्रसेनजित् कोशलराजाले १ हप्तासम्म असदृश-दान दिएको देखेर अनाथपिण्डिकले ३ दिनसम्म दान दिए (बु. वि. पृ. १८०; बु. श्रावि. च.–१ पृ. ६६३; बु. ब्र.–१ पृ. ३३३; बु. रा.–१ पृ. १५९)

## सञ्चो भएन

एक समय अनाथपिण्डिक साहु सारै **बिरामी भएका थिए।** अनि उनले एक मानिसलाई सारिपुत्र स्थविरकहाँ खबर पठाए। यो पनि भनेर पठाए कि अनाथपिण्डिक साहु तपाइँको दर्शन गर्न चाहन्छन्। सो मानिस गएर सारिपुत्र स्थविरकहाँ गई अनाथपिण्डिक साहु सारै बिरामी भएको कुरा बतायो। यो पनि बिन्ति गऱ्यो कि अनाथपिण्डिक साहु तपाइँको दर्शन गर्न चाहन्छन्।

अनि सारिपुत्र स्थविर आयुष्मान् आनन्द र अरू भिक्षुहरूका साथ उनको घरमा जानुभयो। सेठ सञ्चो नभएको देखी सारिपुत्र स्थविरले "गृहपति! जुन पुरुषको चित्त बुद्धप्रति अप्रसन्न हुन्छ त्यस्तो अश्रुतवान् पुरुष मरण-पछि अपाय दुर्गतिमा जान सक्छ। तिमीमा त्यस्तो अप्रसन्नता छैन। बुद्धप्रति तिम्रो चित्त प्रसन्न नै छ" भनी उपदेश गरी स्थविर फर्कनु भयो। (सं. नि. IV पृ. ३२४: पठम अनाथ-पिण्डिकसुत्त, सोतापत्तिसंयुत्त; बु. श्रा.–२ पृ. २२७ यसको

Downloaded from http://dhamma.digital

अनुवाद बु. गृ.–१ पृ. ६७ मा उल्लेख भएको छ ।)

अर्को एकदिन पनि त्यसैगरी सारै **बिरामो हुँदा** अनाथपिण्डिक सेठले आनन्द स्थविरलाई खबर पठाए । खबर सुनीं आनन्द स्थविर पात्र–चीवर ग्रहण गरी उनको घरमा गए । अनि अनाथपिण्डिक सेठलाई "गृहपति ! अश्रुतवान् पृथक्जनको चित्त बुद्धप्रति अप्रसन्न रहन्छ । आफूमा बुद्धप्रति अप्रसन्न रहेको कारणले गर्दा उसको मनमा त्रासको साथै काम छुट्छ र परलोकको भय उत्पन्न हुन्छ । तर श्रुतवान् आर्यश्रावकको मनमा बुद्धप्रति उत्कृष्ट प्रसन्नता हुन्छ । यस कारण उसको मनमा कुनै उत्रास, काम छुट्ने र परलोकको भय उत्पन्न हुन्न" भनी धर्मोपदेश गरी फर्कनु भयो । (सं. नि. VI पृ. ३२९: दुतिय अनाथपिण्डिकसुत्तं, सोतापत्तिसंयुत्तं । यो सूत्रको अनुवाद बु. गृ.–१ पृ. ९१मा उल्लेख भएको छ ।)

## अपवाद

श्रावस्तीमा आउने कुनैपनि भिक्षु वा श्रामणेरले अनाथपिण्डिक र विशाखाको घरमा भोजन नगर्ने कुनै छैन होलान् । एकदिन जनपदबाट आएका भिक्षुहरूले "यहाँ कस: कहाँ भोजन पाइन्छ" भनी सोध्दा "विशाखा वा अनाथपिण्डिकको घरमा भिक्षा पाइन्छ" भन्ने कुरा सुनी उनीहरू बिहानको उज्यालो नहुँदैमा विशाखाको घरमा जाँदा त्यहाँ कोही नदेखी अनाथपिण्डिकको घरमा गए । त्यहाँ पनि कोही नदेखी त्यसै फर्केर गई अनाथपिण्डिकको र विशाखा-

Downloaded from http://dhamma.digital

हरूको अपवाद गरी हिंड्न थाले । यो सुनेर भगवान्ले उनीहरूलाई बोलाउन पठाई किन तिमीहरूले उनीहरूको अपवाद गरी हिंडेको भनी सोध्दा उनीहरूले कारण बताए । अनि भगवान्ले कुबेलामा गएर भिक्षा पाइएन भनी उनीहरूको अपवाद गरी हिंड्नु ठीक छैन भनी पीठजातकको कुरा सुनाउनु भयो । (जा. अ. क. III पृ. ८२: पीठजातकं, जा. नं. ३३७; बु. म.–१ पृ. ८०; जा. सं.–३ पृ. ८९)

## श्रद्धा र परिवार

त्यस समय काशिजनपदमा अनाथपिण्डिक सेठको कर्मान्त भन्ने गाउँ थियो । त्यहाँ बस्ने कामदार नोकर चाकरहरूलाई अनाथपिण्डिक सेठले "यदि यहाँ कुनै भिक्षुहरू आएमा वहाँहरूलाई भोजन प्रदान गर्नू" भन्ने आज्ञा दिएका थिए ।

एकदिन त्यहाँ केही भिक्षुहरू आए । अनाथपिण्डिकका कामदारहरूले भोजनको निमित्त निम्तो गरे । भोलिपल्ट ती भिक्षुहरू भोजनको निमित्त आउनु हुँदा त्यहाँको कामदारले भोजन गराउन हातको औंठी फुकाली एक ठाउँमा राख्यो । अनि हात धोई भिक्षुहरूलाई भोजन गराई आफ्नो काममा गयो । भिक्षुहरू जानलाग्दा सो औंठी देखी "यदि हामीहरू गयौं भने यो औंठी कसैले लिनसक्छ" भनी भिक्षुहरू उहीं बसिरहे । सो मानिस कामबाट फर्कंदा भिक्षुहरू त्यस बेला-

Downloaded from http://dhamma.digital

सम्म त्यहीं बसिरहेको देखी "भन्ते ! किन यस बेलासम्म यहाँ बसिरहनु भएको भनी सोध्दा भिक्षुहरूले कारण बताउनु भयो। (पाचि. पा. पृ. २१६: चतुरासीतियपाचित्तियं, पाचित्तियकण्डं; बु. गृ.-१ पृ. ८९)

अनाथपिण्डिक गृहपति उपासकहरूद्वारा निक्कै प्रशंसित थिए। यिनका ५०० **उपासक परिवारहरू** भएको कुरा सं. नि. अ. क. III पृ. २२३: धम्मदिन्नसुत्तवण्णनामा उल्लेख भएको छ। त्यसबखत अनाथपिण्डिक जस्तै ५०० **उपासक परिवारहरू** हुने अरू पनि छः जना थिए । ती हुन्-(१) धम्मदिन्न उपासक, (२) विशाख उपासक, (३) उग्ग गृहपति, (४) चित्त (=चित्र) गृहपति, (५) हस्तक आलवक तथा (६) चुल्ल अनाथपिण्डिक । (सं. नि. अ. क. III पृ. २२३: धम्मदिन्नसुत्तं, सोतापत्तिसंयुत्तं; बु. गृ.-१ पृ. १३७; बु. गृ.-२ पृ. ३९७; बु. ब्रा.-२ पृ. ३२५; पपं. सू. IIपृ. १६४: चूलहत्थिपदोपमसुत्तं)बुद्धको पालामा यी सात (७) जना उपासकहरू निक्कै ख्यातिप्राप्त थिए ।

यी अनाथपिण्डिक सेठमा कत्तिको श्रद्धा थियो भने कुनै प्रकारले पनि बुद्धलाई कष्ट दिन चाहन्नथे । त्यसैले २४ वर्षसम्म भगवान्सँगको सत्संगत गर्दा पनि यिनले कहील्यै कुनै प्रश्न भगवान्सँग गरेको पाइँदैन । प्रश्न गर्‍यो भने उत्तर दिंदा भगवान्लाई तकलिफ हुनेछ भन्ने यिनको धारणा थियो । हो, एकपटक यिनले भगवान्सँग प्रश्न सोधेको कुरा

Downloaded from http://dhamma.digital

अं. नि.–२ को सचित्त वग्गोमा पाइन्छ । त्यो पनि दानसम्बन्धी नै थियो । यसको अनुवाद बु. गृ.–१ पृ. ७४ मा उल्लेख भएको छ । अं. नि.–२ पृ. ६०: सचित्तवग्गो; बु. गृ.–१ पृ. २८)

यिनमा **'ओक्कपन'** भन्ने श्रद्धा थियो । अर्थात् बुद्ध, धर्म र संघ भन्ने नाम सुन्ने बित्तिकै यिनको मनमा स्वतः पैदा हुने अचल श्रद्धा हो । श्रद्धा चार प्रकारका छन्– (१) आगमन श्रद्धा, (२) अधिगमन श्रद्धा, (३) ओक्कप्पन श्रद्धा, (४) प्रसाद श्रद्धा । यसको अर्थ बु. रा,–३ पृ. १४२ मा उल्लेख भएको छ । (पपं. सू. III पृ. २२४: बोधिराजकुमारसुत्तवण्णना; मनो. र. पू.–५ II पृ. ६०४: नीवरणवग्गो, पधानियङ्गसुत्तवण्णना; सुमं. वि. III पृ. ३७४: संगीतिसुत्तवण्णना; बु. रा.–३ पृ. १४२)

## शुद्ध कामभोगी र ब्रम्हचारी

अनाथपिण्डिक गृहपतिलाई शुद्ध कामभोगी गृही उपासक भनी भन्दछन् । स्रोतापन्न गृहस्थीलाई शुद्ध कामभोगी भन्दछन् भनी सुमं. वि. III पृ. २३८: पासादिकसुत्तवण्णनाले उल्लेख गरेको छ । त्यसैले दी. नि. III पृ. ९६: पासादिकसुत्त मा **"उपासका चस्स सावका होन्ति गिही ओदातवसना कामभोगिनो"** भनी उल्लेख भएको छो । अर्थात्– उपासक श्रावकहरू पनि शुद्ध कामभोगी हुन्छन् ।

Downloaded from http://dhamma.digital

(बु. प.–१ पृ. ३११) अनाथपिण्डिक र चुल्ल अनाथपिण्डिकहरूलाई **शुद्ध कामभोगी** श्रावकहरू भन्दछन् भने चित्तगृहपति र हस्तक आलवकहरू जस्तालाई **शुद्ध गृही ब्रह्मचारी** भन्दछन् । किन भने यिनीहरू **अनागामी** थिए । त्यसैले ब्रह्मचारी भनिएको हो । (बु. गृ.–१ पृ. १४०; १९२; सुमं. वि. III पृ. २३८: पासादिकसुत्तवण्णना; बु. प.–१ ३११)

## अन्तिमघडी

एक समय अनाथपिण्डिक गृहपति सारै बिरामी भएका थिए । अनि उनले भगवान्कहाँ र सारिपुत्र स्थविर कहाँ खबर पठाए । सारिपुत्र स्थविरको दर्शन गर्न चाहेको कुराको खबर पनि उनले पठाए । यस सम्वन्धी अरू कुरा तल **'अनाथपिण्डिक देवपुत्र'** शब्दमा हेर्नू अथवा बु. गृ.–१ पृ. ११६; बु. श्रा. च.–२ पृ. १३३; बु. वि. पृ. २६७ मा हेर्नू ।

सारिपुत्र स्थविर फर्केको केही समयपछि अनाथपिण्डिक गृहपतिको मृत्यु भयो र तुषित देवलोकमा उत्पन्न भए । (बु. गृ.–१ पृ. १३४; पपं. सू. IV पृ. २०६: अनाथपिण्डिकोवादसुत्तवण्णना)

सुमं. वि. III पृ.५२: सक्कपञ्हसुत्तवण्णनाको भनाइ अनुसार शक्रदेवेन्द्रको जति आयु दिव्यलोकमा छ त्यति नै

Downloaded from http://dhamma.digital

आयु अनाथपिण्डिक र विशाखा उपासिकाहरूको पनि छ। (सुमं, वि. III पृ. ५२ सक्कपञ्हसुत्तवण्णना; बु. ब्र.–२ पृ. ११६, २४३; बु. वि. पृ. २६७)

तिब्बती भाषामा अनाथपिण्डिकलाई "गोन्मेद् सेज्यिन्" भन्दछन् ।

## अनाथपिण्ड़िक देवपुत्र

एक समय अनाथपिण्डिक गृहपति सारै बिरामी भएको खबर भगवान्कहाँ पठाए । त्यसैगरी सारिपुत्र महास्थविरकहाँ पनि पठाए। वहाँलाई यो पनि निवेदन गरी पठाए कि उनी वहाँको दर्शन गर्न चाहन्छन्। यो खबरसुनेपछि सारिपुत्र महास्थविर, आनन्द स्थविर र अरू भिक्षुहरू साथमा लिई अनाथपिण्डिक कहाँ जानुभयो ।

अनाथपिण्डिक गृहपतिसँग सारिपुत्र महास्थविरले "गृहपति ! के भएको छ ?" भनी सोध्दा अनाथपिण्डिक गृहपतिले "भन्ते ! धारिलो तरबारले घोचे जस्तै टाउकोमा घोच्छ । टाउकोमा डोरीले बेसकरी बाँध्दा दुख्ने जस्तै गरी टाउको दुख्छ । चुपीले चिरेझैं मेरो पेटमा शोला हान्छ । भुङ्गोमा पिल्स्याए जस्तैगरी मेरो शरीरमा डाह हुन्छ" भनी भने ।

अनि सारिपुत्र महास्थविरले उनलाई छः आयतनको कुरा, छः धातुको कुरा, पञ्चस्कन्धको कुरा,-चार अरूप सम्बन्धी कुरा तथा इहलोक र परलोक सम्बन्धी उपदेश सुनाउनु भयो। त्यसबखत अनाथपिण्डिकले आँखाबाट आँसु खसाले ।

Downloaded from http://dhamma.digital

अनि आनन्द स्थविरले "गृहपति ! विषयबस्तुमा आशा छ कि क्या हो ?" भनी सोध्नुहुँदा "छैन" भनी भनेर "यतिका वर्षसम्म भगवान् सहित भिक्षुसङ्घको सत्संगत गरीसकें। जहिले पनि दान सम्बन्धी उपदेश मात्र सुनिरहेको छु। आज जस्तो गम्भीर धर्मको कुरा यो भन्दा अघि कहील्यै सुनेको थिइन भनी आँसु झरेको हो" भनी भने। अनि सारिपुत्र महास्थविरले गृहस्थीमा बसिरहनेले यस्तो गम्भीर कुरा मनन गर्नु असजिलो पर्छ भनी भन्नुभयो। "भन्ते ! यस्तो गम्भीर कुरा बुझ्न सक्ने गृहस्थीहरू पनि हुनसक्छन्। यस्तो कुरा सुन्न नपाउँदा उनीहरूको निमित्त अलाभ पनि हुन्छ" भनी भने। त्यपछि महास्थविरहरू फर्कनुभयो।

वहाँहरू फर्केको केही बेरपछि अनाथपिण्डिक गृहपतिको मृत्यु भयो र उनी तुषित देवलोकमा उत्पन्न भए। (म. नि. III पृ. ३५०: अनाथपिण्डिकोवादसुत्त) यसको अनुवाद बु. गृ.–१ पृ. १२६ मा भएको छ।

त्यस रात बितेपछि तुषित देवलोकमा उत्पन्न भएका अनाथपिण्डिक देवपुत्रले "यो देवलोक भनेको प्रमाद हुने ठाउँ हो। बिस्मृति हुने ठाउँ हो। मैले मनुष्य लोकमा त्रिरत्न प्रति जुन अचल श्रद्धा पाएँ त्यसैको प्रभावले यो सम्पत्ति पाएको हुँ। अतः पहिले आफ्नो विहारमा गई बुद्ध सहित महाश्रावकहरूलाई प्रशंसा गरिसकेपछि यहाँ आएर दिव्यसुख भोग गर्नेछु" भन्ने सोची अनाथपिण्डिक देवपुत्रले

Downloaded from http://dhamma.digital

जेतवन जम्मै आलोकित पारी भगवान्सँग यसो विन्ति गरे। (पपं. सू. IV पृ. २०६: अनाथपिण्डिकोवादसुत्तवण्णना)–

"इदं हि तं जेतवनं, इसिसङ्घनिसेवितं ।
आवुत्थं धम्मराजेन, पीतिसञ्जननं मम ॥
"कम्मं विज्जा च धम्मो च, सीलं जीवितमुत्तमं ।
एतेन मच्चा सुज्झन्ति, न गोत्तेन धनेन वा ॥
"तस्मा हि पण्डितो पोसो, सम्पस्सं अत्थमत्तनो ।
योनिसो विचिने धम्मं, एवं तत्थ विसुज्झति ॥"

अर्थ–

"मेरो मनमा प्रीति उत्पन्न गराउने, ऋषि संघले सेवन गरेको, धर्मराजाले बासगर्नु भएको– यही त्यो जेतवन विहार हो ।

"कर्म, विद्या, धर्म र शील नै जीवनको उत्तम अङ्ग हो; यसैद्वारा मानिसहरू शुद्धि हुन्छन् सिवाय गोत्र र धनले होइन ।

"त्यसैले पण्डित पुरुषहरूले आफ्नो हितलाई ध्यानमा राखी राम्ररी जानी–बुझी धर्मसञ्चय गर्नुपर्छ, यसैबाट त्यहाँ (मनुष्य लोकमा) विशुद्ध हुन सकिन्छ ।"

यति उद्गार प्रकट गरेपछि भगवान्ले पनि अनुमोदन गर्नुभयो । अनि अनाथपिण्डिक देवपुत्र उहीं अन्तरधान भए । (बु. गृ.–१ पृ. १३४–३५)

Downloaded from http://dhamma.digital

अनाथपिण्डिक देवपुत्र, विशाखा देवपुत्री तथा शक्र-देवेन्द्रले जति दिव्य आयुभोगर्ने प्राणी अरू कोही छैनन् भनी सुमं. वि. II पृ. ५३२: सक्कपञ्हसुत्तवण्णनाले उल्लेख गरेको छ। (बु. वि. पृ. २६७)

तिब्बती भाषामा अनाथपिण्डिकलाई "गोन्मेद् सेज्यिन्" भन्दछन्।

## अनाथपिण्डिक सम्बन्धी सूत्र

(१) सुदत्तसुत्त–सं. नि. I पृ. २१२: यक्खसंयुत्त; बु. गृ.–१ पृ. ३१

(२) अनाथपिण्डिककथा– चुल्ल. व. पा. पृ. २४९: सेनासनक्खन्धकं ऐ. ४२

(३) जेतवनसुत्त– सं. नि. I पृ. ३२: देवतासंयुत्त बु. गृ.–१ पृ. ४२

(४) जेतवनविहारानानुमोदना– चुल्ल. व. पा. पृ. २५८: सेनासनक्खन्धकं; बु. गृ.–१ पृ. ४२

(५) सुदत्तसुत्त– अं. नि.–४ पृ. ६७: पुञ्ञाभिसन्दवग्गो; बु. गृ.–१ पृ. ४५

(६) इट्ठसुत्त– अं. नि.–५ पृ. ३१२: मुण्डराजवग्गो; बु. गृ.–१ पृ. ४६

(७) वेरसुत्त– अं. नि.–५ पृ. ४५०: उपासकवग्गो; बु. गृ.–१ पृ. ४९

Downloaded from http://dhamma.digital

(८) गिहिसामीचिसुत्त – अं. नि.–४ पृ. ६८: पुञ्ञाभि-सन्दवग्गो; बु. गृ.–१ पृ. ५३

(९) आनण्यसुत्त – अं. नि..–४ पृ. ७३: पत्तकम्मवग्गो; बु. गृ.–१ पृ. ५५

(१०) पत्तकम्मसुत्त – अं. नि.–४ पृ. ६९: पत्तकम्मवग्गो; बु. गृ.–१ पृ. ५८

(११) पीतिसुत्त – अं. नि.–५ पृ.५ पृ.४५२: उपासकवग्गो; बु. गृ.–१ पृ. ६४:

(१२) पठम अनाथपिण्डिकसुत्त – सं. नि. IV पृ. ३२४: सोतापत्तिसंयुत्त; बु. गृ–१ पृ. ६७

(१३) सचितवग्गो– अं. नि.–२ पृ. ६०: सचित्तवग्गो; बु. गृ–१ पृ. ७४

(१४) अरक्खितसुत्त – अं. नि.–३ पृ. २४२: सम्बोधवग्गो; बु. गृ.–१ पृ. ७५

(१५) कामभोगीसुत्त – अं.नि.–१० पृ.२४१: उपालिवग्गो; बु. गु.–१ पृ. ७७

(१६) पठमवेदसुत्त – अं. नि.–९ पृ. ४६: सत्तावासवग्गो; बु. गृ.–१ पृ. ८५

(१७) अट्ठारसवत्थुकथा– महा. व. पा. पृ. ३८४: कोसम्ब-क्खन्धकं; बु. गृ.–१ पृ. ८८

(१८) अंगुलिमुद्दिकवत्थु– पाचि. पा. पृ. २१६: चतुरासी-

Downloaded from http://dhamma.digital

तिमपाचित्तियं; बु. गृ.–१ पृ. ८९

(१९) दुतिय अनाथपिण्डिकसुत्त– सं. नि. IV पृ. ३२९ सोतापत्तिसंयुत्तं; बु. गृ.–१ पृ. ९१

(२०) ब्यापन्नसुत्तं– अं. नि.–३ पृ. २४३: सम्बोधवग्गो; बु. गृ.–१ पृ. ९५

(२१) वेलामसुत्तं– अं. नि.–९ पृ. ३५: सीहनादवग्गो; बु. गृ.–१ पृ. ९७

(२२) आदित्तासुत्त– अं. नि.–५ पृ. ३१०: मुण्डराजवग्गो; बु. गृ.–१ पृ. १०२

(२३) गिहिसुत्त- अं. नि.–५ पृ. ४५७: उपासकवग्गो; बु. गृ.–१ पृ. १०६

(२४) भल्लुकादिसुत्त– अं. नि.–६ पृ. १४९: सामञ्ञ-वग्गो; बु. गृ.–१ पृ. ११३

(२५) एतदग्गवग्गो– अं. नि.–१ पृ. २६: एतदग्गवग्गो; बु. गृ.–१ पृ. ११३

(२६) पठमभयवेरूपमसुत्त– सं. नि. IV पृ. ३३१: सोता-पत्तिसंयुत्तं; बु. गृ.–१ पृ. ११४

(२७) किंदिट्ठिकसुत्त– अं. नि.–१० पृ. २४८: उपालि-वग्गो; बु. गृ.–१ पृ. ११९

(२८) अनाथपिण्डिकोवादसुत्त– म. नि. III पृ. ३४५; बु. गृ–१ पृ. १२६

Downloaded from http://dhamma.digital

# संस्कृत बौद्ध साहित्य

श्रावस्तीवासी एक सेठले इन्द्र र अरू देवताहरूको पूजा अर्चन गरी एउटा छोरा पाए। उसको नाम आनन्द थियो। आमा-बाबुहरूको हेरचाहद्वारा हुर्की क्रमशः उनी ठूला भए। तर हिड्न सक्दैनथे। उनको शरीरको आधा भाग चल्दैनथ्यो। उनी ६/७ वर्षदेखि यस्तै भएता पनि उनी निकै तीखो बुद्धिका थिए। उनले त्यस उमेरमा नै त्यस ताकाका शास्त्रहरू जम्मै सिकिसकेका थिए। हिड्न नसक्नाको कारणले गर्दा उनका पिता सारै दुःखी भई बेस्करी रुन्थे।

एकदिन अनाथपिण्डदको जेतवनाराममा बसिरहनु भएका भगवान् बुद्धले त्यो केटोलाई ध्यानबाट देख्नुभई उनको घरमा जानुभयो। सो हिड्न नसक्ने केटोले टाढैबाट भगवान्को ३२ लक्षणदेखि प्रसन्न भई हत्तपत्त आसनबाट उठी ठूलो श्रद्धाले वहाँको स्वागत गर्दै सुस्वास्थ्यबारे प्रश्न सोधे। यो आश्चर्य चमत्कारदेखि केटाका आमा-बाबुहरू बडो आश्चर्य चकित भए। अनि भगवान् मुस्काउनु भई "यो केटो भविष्यमा बुद्ध हुनेछ" भन्ने कुरा अवदानशतकमा उल्लेख भएको छ भनी S,B.L.N. पृ. १९ मा उल्लेख भएको छ।

भगवान् बुद्ध उत्पन्न हुनुभन्दा अगाडि राजा प्रसेनजित् तीर्थिक भक्त थिए। बुद्ध उत्पन्न भएदेखि उनी बुद्धभक्त भए।

Downloaded from http://dhamma.digital

एकदिन भगवान् अनाथपिण्डदको ज़ेतवनाराममा बसिरहनु भएको बेलामा श्रावस्तीवासी एक बगैंचे ठूलो कमलको फूल राजालाई चढाउँछु भनी आइरहेको थियो। त्यसबखत एक तैर्थिक भक्तले देखी सो कमलफूलको मोल कति हो भनी सोध्यो। त्यसै बखत अनाथपिण्डद पनि त्यहाँ आइपुगे। तैर्थिकले दिएको मोलभन्दा दोब्बर मोल अनाथ-पिण्डदले दिए। यसरी हानथाप हुँदा हुंदै फूलको मोल शय-दोब्बर हुन पुग्यो। अनि बगैंचेले त्यस बखत भगवान् बुद्ध कहाँ हुनुहुदो रहेछ भनी सोध्यो। अनाथपिण्डदको मुखबाट भग-वान्को प्रशंसा सुनी बगींचेले सो कमलको फूल भगवान्लाई चढायो। त्यतिखेरै सो कमलको फूल गाडाको पाँगा जत्रै ठूलो भई भगवान्को शीरमाथि बस्यो। यो देखी बडो आश्चर्य चकीत भएको बगैंचेले भगवान्को धर्मोपदेश सुन्यो। अनि त्यसबखत भगवान्ले आनन्द स्थविरलाई "यो बगैंचे भविष्यमा 'पद्मोद्भव' भन्ने बुद्ध हुनेछ भनी भन्नु भएको कुरा अवदानशतकमा उल्लेख भएको छ भनी S.B.L.N. पृ. २० मा उल्लेख भएको छ।

एकदिन भगवान् श्रावस्ती नगरमा भिक्षाटन् जानु हुँदा बाटाको एक छेउमा उभिइरहनु भएको ठाउँमा एक ब्राह्मण आई भगवान् उभिरहेको ठाउँको जमिनमा घेराको चिन्हो लगाई "भो गौतम ! मलाई ५०० कार्षापण नदिइकन यो घेराबाट उता जान पाउनु हुन्न" भनी भन्यो। यो खबर श्रावस्ती नगरमा तुरन्त फैलियो।

Downloaded from http://dhamma.digital

भगवान्‌को निमित्त देवदेवताहरू पनि आई पैसा दिन आए । तर ब्राह्मणले लिएनन् । अनि जब त्यहाँ आई **अनाथपिण्डदसेठले** पैसा दिए तव ब्राह्मणले लिए भनी अवदानशतकमा उल्लेख भएको छ भनी S.B.L.N. पृ. २९ मा उल्लेख भएको छ ।

अनाथपिण्डदको आसपासमा बस्ने एक ब्राह्मणपुत्र समय समयमा अनाथपिण्डदको साथ लागी बुद्धकहाँ गई उपदेश सुन्न जान्थ्यो । अचानक विरामी नै नभई उसको मृत्यु भयो र देवपुत्र भई उत्पन्न भयो । उसको वाबु सारै दुःखी भयो एक दिन सो देवपुत्र आई उसका बाबुलाई सम्झाइ बुझाई त्रिरत्नको शरणमा जाऊ भनी भनेको कुरा अवदानशतकमा उल्लेख भएको छ भनी S.B.L.N. पृ. ३२ मा उल्लेख भएको छ । यस्तै कथा कल्पद्रुम अवदानमा पनि उल्लेख भएको छ भनी SBLN पृ. २९५ मा उल्लेख भएको छ । यो पनि उल्लेख भएको छ कि अवदानशतकमा र कल्पद्रुम अवदानमा उल्लिखित कथाहरूमा अलि फरक छन् ।

Downloaded from http://dhamma.digital

# पुस्तक पाइने ठाउँ-

१. आनन्द कुटी विहार
स्वयम्भू, काठमाडौं ।
फो. नं. २७१४२०

२. संघाराम भिक्षु तालिम केन्द्र
लुती, ढल्को, (शोभा भगवती जाने बाटो)
काठमाडौं ।
फो. नं. २१५०२०

३. बुद्ध विहार
बालिमकी संस्कृत क्याम्पस पछाडी,
भृकुटीमण्डप, काठमाडौं ।
फो. नं. २२६७४३

४. लक्की स्टोर्स
भैरब टोल,
पोखरा ।

थप जानकारीको लागि-
भिक्षु मैत्री
पो. ब. नं. ३००७
काठमाडौं ।

Downloaded from http://dhamma.digital

नेवारीमा :

| | | | |
|---|---|---|---|
| ५५. | [illegible]श्रावक | ५६. | आर्यसत्य (तृतियावृत्ति) |
| ५७. | [illegible]विभाग (तृतियावृत्ति) | ५८. | त्रिरत्न वन्दना |
| ५९. | [illegible] व विनय | ६०. | प्रजापति गौतमी |
| ६१. | [illegible]सूत्र | ६२. | बौद्ध कहानी |

| | | | |
|---|---|---|---|
| ६३. | सर्वज्ञ धातु | | |
| ६४. | गृही-विनय ([illegible]) | .. रू. | ३/५० |
| ६५. | जातकमाला भाग-१ (तृतीयावृत्ति) | .. रू. | १/७५ |
| ६६. | जातकमाला भाग-२ (द्वितीयावृत्ति) | | |
| ६७. | धम्मपदं (चतुर्थावृत्ति) | .. रू. | ८/— |
| ६८. | धम्मपदट्ठकथा भाग-१ (द्वितीयावृत्ति) | .. रू. | १२/— |
| ६९. | बुद्धशासनया इतिहास भाग-१ | .. रू. | १/— |
| ७०. | संक्षिप्त बुद्धजीवनी (चतुर्थावृत्ति) | ... रू. | ४/— |
| ७१. | महास्वप्न जातक (द्वितीयावृत्ति) | | |
| ७२. | वेस्सन्तर जातक (द्वितीयावृत्ति) | ... रू. | ४/— |
| ७३. | सूत्रसंग्रह | .. रू. | १/५० |
| ७४. | न्ह्यसःया लिसः | ... रू. | ३/— |
| ७५. | महाकाश्यप चरित | .. रू. | २०/— |
| ७६. | ज्ञानमाला भजन १५गू गु आवृत्ति | ... रू. | ५/— |
| ७७. | अशोक जुजु | .. रू. | ३/— |

अंग्रेजीमा :

७८. Buddhist Activities in Socialist Countries
७९. Kings of Buddha's Time
८०. A Short History of Theravada Buddhism in Modern Nepal .. (Third Edi.)

Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| २८. | बुद्धकालीन श्रावक-चरित | भाग-४ | .. रू. १४/— |
| २९. | बुद्धकालीन श्रावक-चरित | भाग-५ | .. रू. १४/— |
| ३०. | बुद्धकालीन श्रावक-चरित | भाग-६ | .. रू. ३०/— |
| ३१. | बुद्धकालीन श्राविकाचरित | भाग-१ | .. रू. २२/— |
| ३२. | बुद्धकालीन ब्रह्मादिदेव | भाग १ | ...रू. १८/— |
| ३३. | बुद्धकालीन ब्रह्मादिदेव | भाग-२ | ...रू. १८/— |
| ३४. | बुद्धकालीन ब्रह्मादिदेव | भाग-३ | ...रू. १४/— |
| ३५. | बुद्धकालीन प्रेतकथा | | .. रू. १०/— |
| ३६. | बुद्धकालीन विमानकथा | | .. रू. १२/— |
| ३७ | जातक संग्रह | भाग-१ | ...रू. १०/— |
| ३८. | जातक संग्रह | भाग-२ | ...रू. ८/— |
| ३९. | जातक संग्रह | भाग-३ | .. रू. १३/— |
| ४०. | जातक संग्रह | भाग-४ | .. रू. १२/— |
| ४१. | संक्षिप्त कथा सहित धम्मपद (द्वितीयावृत्ति) | | .. रू. १५/— |
| ४२. | यशोधरा | | ...रू. ११/— |
| ४३. | विषय सूची | भाग-१ | ...रू. ५/— |
| ४४. | विषय सूची | भाग-२ | रू. १०/— |
| ४५. | जापान भ्रमणको डायरी | | .. रू. ४/— |
| ४६. | त्रिरत्न वन्दना र पाळ्चसूत्र | | .. रू. ४/— |
| ४७. | महासीहनादसुत्त | | |
| ४८. | नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास | | |
| ४९ | सोलुखुम्बु यात्राको डायरी | | ...रू. ५/— |
| ५०. | वेस्सन्तर जातक (द्वितीयावृत्ति) | | .. रू. १२/— |
| ५१. | सम्राट् अशोक | | ...रू. २/५० |
| ५२. | महिन्द थेर तथा संघमित्ता थेरी | | ...रू. ५/— |
| ५३. | अजातशत्रु | | ...रू. ६/— |
| ५४. | अनाथपिण्डिक | | ...रू. ८/— |

Dhamma Digital

Downloaded from http://dhamma.digital